का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ मंसिर २०७९,
आइतबार
27 November 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २८१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# गणतन्त्रमा स्वतन्त्रको शक्ति

स्वतन्त्र रुपमा निर्वाचित सांसदहरुले पनि विधि निर्माणमा पहुँच र प्रभाव राख्न सक्ने, सरकार बनाउन निर्णयक भूमिका खेल्न सक्ने हैसियत राख्न सक्ने वातावरण संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाभित्र मिलेको छ । यही बेला उनीहरुलाई सत्तापक्ष र प्रतिपक्षमा तान्ने प्रयास ठूला दलहरुले गर्न थालेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० मंसिर ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मतपरिणाम आउँदै गर्दा सत्तारुढ गठबन्धनको भविष्य अन्योलतर्फ अघि बढेको टिप्पणी हुन थालेको छ । यो अन्योलका बीच फेरि नयाँ सरकार गठनका लागि खेल सुरु भइसकेको छ ।

नेपाली कांग्रेस प्रतिनिधि सभातर्फ पहिलो नम्बरको रफ्तारमा अघि बढिरहँदा सत्ता गठबन्धनमै रहेका अन्य दल भने परिणामबाट सन्तुष्ट रहन सकिरहेका छैनन् । यो असन्तुष्टिबीच नेकपा एमालेले समेत अवसर खोजिरहेको छ । यी दुबै दल स्वतन्त्र पार्टीका र स्वतन्त्र सांसदहरुलाई आफू सरकारमा गए लिएर जाने, नगए प्रतिपक्षमा सँगै राख्ने प्रयास गरिरहेका छन् । कांग्रेसभित्र पनि नयाँ सरकार गठन गर्न विभिन्न नेताहरुले आन्तरिक छलफल थालेका छन् । निर्वाचनको प्रत्यक्ष र समानुपातिक तर्फका सबै परिणाम आएपछि नयाँ सरकार गठनको प्रक्रिया औपचारिक रुपमा अघि बढ्नेछ ।

कांग्रेससहित हाल गठबन्धनमा रहेका दल वा एमालेसहित माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीको सरकार बन्ने अवस्था आउन सक्छ । त्यो अवस्थामा निर्वाचनमार्फत उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीसमेत निर्णायक हुने अवस्था छ ।

काठमाडौं उपत्यकामा आएको परिणामबाट गठबन्धन आबद्ध कांग्रेसले चित्त बुझाउने अवस्था बन्दै गर्दा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी भने निल भए । काठमाडौंका १० निर्वाचन क्षेत्रमध्ये कांग्रेसले ५ क्षेत्रमा जित निकालेको छ भने ललितपुरमा एउटा निर्वाचन क्षेत्रमा प्रतिनिधि सभातर्फ जित हात पारेको छ ।

भक्तपुरमा १ क्षेत्रमा कांग्रेसले जित निकालेको छ । काठमाडौं २ मा माओवादी केन्द्रकी उम्मेदवार रहेकी ओनसरी घर्ती पराजित हुँदा काठमाडौं ७ मा माओवादी केन्द्रकै चिह्न लिएर उठेकी मानुषी यमी भट्टराई पराजित बन्न पुगिन् । काठमाडौं ८ मा नेकपा एकीकृत समाजवादीका तर्फबाट गठबन्धनका उम्मेदवार

– बाँकी पृष्ठ २ मा

## राष्ट्रिय पार्टी बन्नेतर्फ ६ दल

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० मंसिर ।

निर्वाचन आयोगले शनिवार साँझसम्म समानुपातिकतर्फ कूल ७६ लाख १२ हजार छ सय ९८ मतगणना गरेको छ ।

आयोगले साँझ उपलब्ध गराएको विवरणअनुसार कूल ४७ राजनीतिक दलले प्राप्त गरेको मत गणना गरेको छ।

समानुपातिक निर्वाचन प्रणालीमार्फत कूल एक सय १० प्रतिनिधिसभा सदस्य चुनिने संवैधानिक व्यवस्था छ । त्यसमा सबैभन्दा बढी नेकपा एमालेले २१ लाख ७५ हजार मत प्राप्त गरेको छ । दोस्रोमा रहेको नेपाली कांग्रेसले २० लाख ९० हजार मत प्राप्त गरेको छ । तेस्रोमा रहेको नेकपा (माओवादी केन्द्र) ले आठ लाख ९१ हजार आठ सय आठ मत प्राप्त गर्दा राष्ट्रिय स्वतन्त्र पार्टीले आठ लाख ५४ हजार आठ सय ७१ मत प्राप्त गरेको छ । राष्ट्रिय प्रजातन्त्र

– बाँकी पृष्ठ २ मा

# नयाँ शक्तिप्रति ठूला दल सशंकित

राष्ट्रिय स्वतन्त्र पार्टीमा फरक-फरक क्षमता भएका उम्मेदवार विजयी भएकाले संसदमा उनीहरुको भूमिका हेर्न बाँकी छ । तर, ठुला दलहरु सशकिंत देखिएका छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १० मंसिर ।







चुनावको पाँच महिनाअघि मात्रै जन्मिएको रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नयाँ शक्तिको रुपमा उदाएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीमा फरक-फरक क्षमता भएका उम्मेदवार विजयी भएकाले संसदमा उनीहरूको भूमिका हेर्न बाँकी छ । तर, ठुला दलहरु सशकिंत देखिएका छन् ।

एमाले अध्यक्ष ओली, एमाले नेता विशाल भट्टराई लगायतले टिप्पणी गरेका छन् ।

चितवन-२ बाट भारी मतान्तरका साथ चुनाव जितेका लामिछानेले सरकारमा जाने नजानेबारे धारणा बनाइसकेका छैनन् । यद्यपि बुधबार उनले निर्वाचित भएको प्रमाणपत्र बुझ्दै चुनावमा गठबन्धन नगरिएको र आवश्यक परे गठबन्धनका लागि तयार रहेको बताएका छन् ।

प्रत्यक्षमा हालसम्म सात सिट जितेको स्वतन्त्र पार्टी समानुपातिक तर्फको मतगणना समेतको नतिजालाई हेर्दा सरकार गठनका लागि 'किङ मेकर' बन्ने सम्भावना छ । फरक-फरक विधाका मानिसलाई टिकट दिएको रास्वपाको संसदमा पहिलो उपस्थितिलाई आम रुपमा चासोका साथ हेरिएको छ ।

०७९ असार ७ गते निर्वाचन आयोगमा दर्ता भएको रास्वपा संसदमा प्रवेश गर्दै गर्दा उसका आगामी रणनीतिक कदमबारे चासो देखिएको हो। रवि लामिछानेको नेतृत्वमा संसद् प्रवेशको तयारी गरिरहेको रास्वपाले पार्टीको नीति, सिद्धान्तबारे प्रष्ट पारेको छैन ।

प्रदेशसभामा उम्मेदवारी नदिएको रास्वपाको यो नीतिलाई चासोका साथ हेरिएको छ। राजनीतिक विश्लेषक पुरुषोत्तम दाहाल स्वतन्त्र पार्टीले आफ्नो नीति र सिद्धान्तबारे प्रष्ट पर्नुपर्ने बताउँछन् ।

प्रदेशसभामा उम्मेदवारी नदिएको र मतदान पनि बहिष्कार गरेकाले आफ्नो नीति जनतालाई स्पष्ट पार्नुपर्ने उनको भनाइ छ ।

'संघीयताबारे उहाँहरूले स्पष्ट पार्नुपर्यो । उहाँको बाटो के हो भन्न पर्‍यो। प्रदेशमा आफ्ना उम्मेदवार उठाउनु भएको छैन । संघीयता मानेका छैनन् । संघीयताबारे राप्रपाले जस्तो टुटायर सिष्टमको कुरा गर्नुभएको छ,' उनले भने ।

छोटो समयमा राष्ट्रिय राजनीतिमा प्रभाव जमाउने गरी उदाएको रास्वपाले सत्ता केन्द्रित राजनीति गर्न नहुने दाहालको भनाइ छ । उनले स्वतन्त्र पार्टी सरकारमा गएर कांग्रेस-एमालेको आग्लो भए जनताको विश्वास गुमाउनेसमेत बताए ।

राजनीतिक विश्लेषक विष्णु सापकोटाले राष्ट्रिय स्वतन्त्र पार्टीको उदय पुराना दलप्रतिको आक्रोश भएको बताए । जनताले आक्रोश पोख्ने ठाउँ नपाएकाले यसपटक राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले आक्रोश पोख्ने प्लेटफर्म बनाएको उनको भनाइ छ । 'पुराना दलप्रति जनता आक्रोशित थिए ।

– बाँकी पृष्ठ २ मा


## पूर्व प्रस्थान अभिमुखीकरण (P-DOT) तालिम प्रदायक संस्थाहरूलाई हार्दिक अपिल

वैदेशिक रोजगारमा जाने कामदारहरुलाई सही सूचना प्रवाह गरी उनीहरुको वैदेशिक रोजगारको यात्रा सहज बनाउने उद्देश्यले स्थापित हाम्रा पूर्व प्रस्थान अभिमुखीकरण तालिम (P-DOT) संस्थाले विगत १८ वर्षदेखिको न्यून शुल्कको बाबजुद पनि आफ्नै प्रयासमा विभिन्न खोज अनुसन्धान गरी सकेसम्मको सही सूचना प्रवाह गर्दै आएको सर्वविदितै छ । विगत केही समयदेखि विभिन्न समाचार माध्यममा, अनेकन कार्यक्रममा प्रस्तुत गरेको रिपोर्ट, वैदेशिक रोजगार बोर्ड, विभागको तथ्यांक आदिमा उल्लेख अकाल मृत्यु, अनाहकमा जेल यापन तथा घाइते, अपाङ्ग र अलपत्रको अवस्थाको मुख्य कारक अभिमुखीकरण तालिम भएको भन्ने इंगित गरेको देखिन्छ । लामो समयदेखि कार्यविधि २०७६ मा भएका हाम्रा समस्या सम्बोधनार्थ मन्त्रालयमा पेश गरेको १६ बुँदे संशोधन प्रस्ताव थन्किएर बसेको अवस्था छ । अर्कोतिर जाने कामदारमा प्रशिक्षण लिनुपर्छ भन्ने भावना विकास भएको छैन । एजेन्टको ठगी प्रकरण उडानको दिनसम्म धारावाहिक चलिरहेको छ । म्यानपावर एजेन्सीको हतारोमा काम गर्नुपर्ने दबाब त्यतिकै रहेको देखिन्छ । तर पनि पेश गरिसके पश्चात व्यावसायिक इमान्दारिता निभाउनु हाम्रो धर्म हो । र, यही इमान्दारिता रहे व्यवसायको स्थायित्व र विकास हुने हो । अतः जस्तोसुकै दबाब र लोभ देखाए पनि व्यावसायिक इमान्दारितालई कायम राख्न हामी पेशाको हितमा कटिबद्ध हुनुपर्ने देखिन्छ । महासंघको तर्फबाट पनि नियमन निकायमा घच्घचाउन वा गलत गर्नेलाई कारबाही गर्न/गराउन परे पनि पछि नपर्ने संकल्पसहित हाम्रो पेशा व्यवसायलाई कार्यविधि २०७६ तथा पाठ्यक्रम २०७७ अनुसार संस्था सञ्चालन गरी प्रशिक्षण गराउन हार्दिक अपिल गर्दछौं । धन्यवाद ।

**लक्ष्मी प्रसाद लामिछाने**
**महासचिव**

**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ**
तिनकुने, काठमाडौं


वैदेशिक रोजगार विशेष

## मलेसियाको नयाँ सरकारबाट कामदारको पक्षमा उल्लेख्य सुधार हुने आशा



**मध्यान्ह संवाददाता**
काठमाडौं, १० मंसिर

मलेसियाको आम निर्वाचनपछि अनवर बिन इब्राहिम नेतृत्वमा बनेको सरकारबाट कामदारको पक्षमा उल्लेख्य सुधार हुने अपेक्षा बढेको छ । मलेसियाको पाकातान हारापान पार्टीबाट विजयी भएका पार्टी अध्यक्ष अनवर बिहीबार मलेसियाको १० औं प्रधानमन्त्रीको रुपमा नियुक्त भएका छन् ।

मलेसियामा नोभेम्बर १९ तारिख शनिबारका दिन आम निर्वाचन सम्पन्न भएको थियो । ८२ सिटसहित जित हासिल गरेका इब्राहिम गत बिहीबार नै प्रधानमन्त्री नियुक्त भएका थिए ।

नयाँ प्रधानमन्त्री नियुक्तिसँगै केही समयदेखि अस्थिर मलेसियाको राजनीति स्थिर हुने अपेक्षा बढेको छ । नवनियुक्त प्रधानमन्त्री इब्राहिम नेपालका बारेमा व्यक्तिगतरुपमा चासो राख्ने मलेसियाली राजनीतिज्ञ मानिन्छन् । कोभिड संक्रमणविरुद्धको खोप आएपछि ठूलो संख्यामा नेपाली कामदार मलेसिया गएका छन् । त्यहाँबाट आउने रेमिट्यान्स बढेका कारण नेपालको शोधानान्तर अवस्थामा सुधार आएको छ ।

१८ वर्षअघि मलेसियाको उपप्रधानमन्त्री तथा अर्थमन्त्री भएका इब्राहिम भ्रष्टाचार र यौन दुराचारको आरोपमा केही समय

– बाँकी पृष्ठ २ मा


## Cyprus मा महिला/पुरुषहरूलाई रोजगार

Company: Orthodoxou Employment Bureau Ltd.
Orthodoxou Employment

पूर्व स्वीकृती मिति: २०७९/०८/०९ | चलानी नं. ६०१९२०१९ | LT.No. 276386

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Eur. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agriculture Worker/Labour | 02 | 02 | काममा दक्ष | 500 | ६७,९६७।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cook | 05 | 00 | | 800 | १,०८,७४७।- | | | | | | | |
| ३. | Domestic Worker | 00 | 05 | | 315 | ४२,८१९।- | | | | | | | |
| ४. | Waiters | 04 | 00 | | 787 | १,०६,९८०।- | | | | | | | |
| ५. | Waitresses | 00 | 04 | | 787 | १,०६,९८०।- | | | | | | | |
| ६. | Chambermaids | 00 | 03 | | 612 | ८३,१९२।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु. ४०,०००।- कामदार आफैंले |

अन्तरवार्ता २०७९ मंसिर १७ गते (3 Dec, 2022) यस प्रा. लि. को कार्यालयमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
ISO 9001:2015 certified

**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepali.
www.aarohihrsolutions.com | info@aarohiirsolutions.com
01-4961807, 4962925 | 9802067941, 9801081905



वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि

## तालिम खुल्यो

कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड

विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था



माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५
fb:mountain multiple mmtc



## कुवेतमा महिलाहरू लाइ रोजगारको अवसर

कम्पनी : JARALLAH GARMAN SPECIALIZED CENTER | शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०८/०९ | चलानी नं.: ६०१९२११७ | LT. No.: 276471

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 50 | स. काममा दक्ष | 125 | ५३,००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Clinic Helper (Indoor) | 0 | 36 | | 200 | ८४,८१४ | | | | | | | |

नोटः प्री इन्टरभ्यु धमाधम भइ रहेको छ। प्री इन्टरभ्युमा सहभागी हुनेलाइ मात्र फाइनल इन्टरभ्युमा सामेल गरिने छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १७ गते (3 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.**
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677, 9810166668, 9849216417, 9803708838 | Email: manakamanamfec1@gmail.com

# पाँच व्यक्तित्व सदाचार दीप सम्मानबाट सम्मानित

**काठमाडौं /मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकमा व्याप्त भ्रष्टाचारको अन्त्यका लागि सरकारी तथा गैरसरकारी निकायबीच समन्वयको आवश्यकतामा जोड दिएकी छन् । एन्टी करप्सन एकाडेमी नेपालद्वारा भ्रष्टाचार विरूद्धको अभियानको २६औं वार्षिकोत्सव तथा अभियन्ता भरत जङ्गमको ७६औं जन्मोत्सवको अवसरमा शनिबार राजधानीमा आयोजिक सदाचार दीप सम्मान समारोहमा राष्ट्रपति भण्डारीले यस्तो बताएकी हुन् ।




राष्ट्रको सर्वाङ्गीण विकासमा भ्रष्टाचार प्रमुख वाधकका रूपमा रहेको भन्दै राष्ट्रपति भण्डारीले भ्रष्टाचार निवारणका लागि स्थापित संवैधानिक निकायहरूले शासकीय विषयमा कानूनी परिपालन, शुसासन स्थापना गरी भ्रष्टाचार निवनरणको अनिवार्य शर्तका रूपमा पालना गर्नुपर्नेमा जोड दिइन् । नैतिकता र सुशासनको माध्यमबाट जनताका आधारभूत अवश्यता पूरा गर्न सरकार सञ्चालनका नीति स्पष्ट हुनु नेपालको राष्ट्रिय आवश्यकता भन्दै राष्ट्रपति भण्डारीले भ्रष्टाचार नियन्त्रणमा सरकारी निकाय र गैरसरकारी संस्थाबीच सहकार्य समेत रहेको बताइन् ।

त्यस अवसरमा आ-आफ्नो पदमा रहँदा सदाचारको नीति अवलम्वन गरी भ्रष्टाचार विरुद्ध महत्वपूर्ण भूमिका खेलेको भन्दै पूर्वप्रधानन्यायाधीश शुशिला कार्की, राजनीतिज्ञ एवम् बागमती प्रदेशकी निवर्तमान मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, समाजसेवी भद्रा कुमारी घले, शिक्षाविद् पूर्वाञ्चल विश्वविद्यालयका पूर्व उपकुलपति प्राध्यापक डाक्टर सुरेश राज शर्मा, पूर्व सचिव भरत बहादुर थापालाई सदाचार दीप प्रदान गरिएको थियो । त्यसैगरी भ्रष्टाचार विरोधी अभियन्ता जंगमका कृतिमा विद्यावारिधि गरिरहेकी कान्ता भट्टराईलाई अध्ययन छात्रवृत्ति प्रदान गरिएको थियो । स्वास्थ्यमा समस्या देखिएकाले पूर्व प्रधानन्यायाधीश कार्कीको कार्यक्रममा उपस्थिति थिएन ।

कानूनविद् तथा पत्रकारको समेत पृष्ठभूमि भएका जंगम विगत ५ दशकदेखि भ्रष्टाचार विरुद्धको अभियानमा क्रियाशील छन् । भ्रष्टाचारको मूल विषयमा लिखित उनको कृति कालो सूर्य भारतको कर्नाटक विश्वविद्यालयमा अध्ययन हुने र विश्वका २२ भाषामा अनुवाद भएको छ । सम्मानित व्यक्तित्वहरूका तर्फबाट मन्तव्य राख्दै प्रा. डा.शर्माले आफूहरूलाई सम्मान गरेर सदाचारको पालना र भ्रष्टाचारको अन्त्यका लागि उत्प्रेरित गरेको बताए ।

डा. घनश्याम खतिवडाले सञ्चालन गरेको कार्यक्रममा एकेडेमीका अध्यक्ष डा. अनुप जंगमले स्वागत मन्तव्य राख्दै एकेडेमीले 'भ्रष्टाचार मुक्त देश र सदाचार युक्त समाज' का लागि काम गरिरहेको बताए । कार्यक्रममा गायक शिशिर योगीले स्वागत गीत प्रस्तुत गरेका थिए ।

र नेपालीसहित आप्रवासी कामदारको हकहितका विषयमा छलफल गरेका प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका उपाध्यक्ष डिक बहादुर खत्री (कुमार)ले नयाँ सरकारको कार्यकालमा आप्रवासी कामदारको २४ घण्टे बिमा नीति तथा सामाजिक सुरक्षा संस्थामा दर्ता गराउनुपर्ने प्रावधान (सोस्को)को कार्यक्रम कडाइका साथ लागू हुने अपेक्षा गरिएको बताए ।

मलेसियाको सामाजिक सुरक्षा ऐन, १९६९ अन्तर्गत गठन भएको सोस्को सन् २०१९ को जनवरी १ देखि लागू छ । त्यसमा रोजगारदाताले विदेशी श्रमिक भर्ना गर्दा सामाजिक सुरक्षा संस्थामा दर्ता गराउनुपर्ने प्रावधान रहेको छ ।

उक्त कार्यक्रममा तीन लाख बढी नेपाली श्रमिक आवद्ध भइसकेका छन् । उक्त संस्थामा आवद्ध हुनका लागि रोजगारदाताले कामदारले पाउने मासिक तलबको १.२५ प्रतिशत रकम मासिकरुपमा जम्मा गर्नुपर्ने व्यवस्था छ । हालसम्म चार लाखभन्दा बढी रोजगारदाता र ८० लाख बढी स्वदेशी तथा विदेशी श्रमिक सोस्कोमा आवद्ध भइसकेको बताइएको छ । सोस्कोमा आवद्ध भएका विदेशी श्रमिकले 'इम्प्लोइमेन्ट इन्ज्यूरी स्किम फर फरेन वर्कर' नामको योजनामा कार्यस्थलमा हुने दुर्घटना वा कार्यस्थलका कारण कुनै रोग लाग्न गएमा सोबापत तोकिएको क्षतिपूर्ति लगायतका लाभ प्राप्त हुने व्यवस्था गरिएको छ ।

मलेसियामा बिहीबार नयाँ प्रधानमन्त्री नियुक्त भएपनि पूर्णरुपमा सरकार गठन भएको छैन । त्यस्तै नयाँ मानव संशाधन मन्त्री पनि कसको पोल्टामा पर्छ भन्ने यकिन हुन बाँकी छ । २ सय २२ सदस्यीय मलेसियाको संसदमा नवनियुक्त प्रधानमन्त्री इब्राहिमको ८२ सिट मात्रै छ ।

सामान्य बहुमतका लागि उनले थप ३० जना सांसद भएका अन्य साना दलहरुलाई विश्वासमा लिनुपर्ने बाध्यता छ । केसीले भने, 'मलेसियाका नयाँ प्रधानमन्त्रीको कार्यकालमा श्रमको क्षेत्रमा उल्लेख्य सुधार हुने अवस्था छ, तर मानव संशाधन मन्त्रालय कसको भागमा पर्छ त्यसले धेरै कुरामा फरक पार्ने छ ।'

# सर्लाहीमा प्रत्यक्ष तर्फको मतगणना सम्पन्न

**सर्लाही/मस-** मंसिर ४ गते सम्पन्न प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको मतगणना सकिएको छ । २० स्थानीय तह रहेको जिल्लामा ४ प्रतिनिधिसभा निर्वाचन क्षेत्र र ८ प्रदेशसभा निर्वाचन क्षेत्रको मतगणना शनिबार साँझ सम्पन्न भएको हो । जसमा २ सय २ जनाले उम्मेदवारी दिएका थिए ।

शनिबार साँझ सम्पन्न मतपरिणाम अनुसार जिल्लाको क्षेत्र नम्बर १ मा वाम लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का राम प्रकाश चौधरी, क्षेत्र नम्बर २ मा वाम लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार नेपाल समाजवादी पार्टी(नेसपा) का महेन्द्र राय, क्षेत्र नम्बर ३ मा नेकपा(एमाले)का हरि प्रसाद उप्रेती र क्षेत्र नम्बर ४ मा स्वतन्त्र उम्मेदवार डा.अमरेश कुमार सिंह निर्वाचित भएका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

त्यसैगरी जिल्लाको क्षेत्र नम्बर १ प्रदेशसभा (क)मा वाम लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का उपेन्द्र महतो, क्षेत्र नम्बर १ प्रदेश सभा(ख) मा वाम लोकतान्त्रिक गठबन्धनकी साझा उम्मेदवार नेकपा (एकीकृत समाजवादी)पार्टीकी बेची लुंङ्गेली, क्षेत्र नम्बर २ प्रदेश सभा (क)मा वाम लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका जंगिलाल राय, क्षेत्र नम्बर २ प्रदेश सभा (ख)मा नेपाली कांग्रेसका कौशल किशोर राय, क्षेत्र नम्बर ३ मा एमालेका हरि प्रसाद उप्रेती, क्षेत्र नम्बर ३ प्रदेश सभा (क)मा स्वतन्त्र तर्फका उम्मेदवार जवाहरलाल कुशवाह, क्षेत्र नम्बर ३ प्रदेश सभा (ख) मा जनता समाजवादी पार्टी(जसपा) का सन्जय यादव, क्षेत्र नम्बर ४ मा स्वतन्त्र तर्फका उम्मेदवार डा.अमरेश कुमार सिंह, क्षेत्र नम्बर ४ प्रदेशसभा(क)मा वाम लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका वीरेन्द्र प्रसाद सिंह र क्षेत्र नम्बर ४ प्रदेश सभा (ख)मा वाम लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार नेकपा(माओवादी केन्द्र)का फकिरा महतो निर्वाचित भएका निर्वाचन कार्यालय सर्लाहीले जनाएको छ । जिल्लाका ४ प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र र ८ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रमा १ सय ९ जना स्वतन्त्र र ९३ जना विभिन्न पार्टीबाट गरी २ सय २ जनाले उम्मेदवारी दिएका जिल्ला निर्वाचन कार्यालय सर्लाहीका निर्वाचन अधिकारी निर्मल पोखेलले जानकारी दिए ।

उनका अनुसार जिल्लाको क्षेत्र नम्बर १ मा प्रदेश तथा प्रतिनिधि सभाका लागि ४८ जना, क्षेत्र नम्बर २ मा प्रदेश तथा प्रतिनिधि सभाका लागि ४८ जना, क्षेत्र नम्बर ३ मा प्रदेश तथा प्रतिनिधि सभाका लागि ४९ जना र क्षेत्र नम्बर ४ मा प्रदेश तथा प्रतिनिधि सभामा ५७ जनाले गरी कुल २ सय २ जनाले उम्मेदवारी दिएका थिए ।

३ सय १२ वटा मतदान स्थल र ६ सय वटा मतदान केन्द्र रहेको जिल्लामा कुल ४ लाख ७९ हजार ३८ जना मतदाता रहेकामा ६३ दशमलव ५४ प्रतिशत मतदान भएको निर्वाचन कार्यालयले जनाएको छ । क्षेत्र नम्बर १ मा १ लाख २२ हजार ४ सय ८७ मतदाता रहेकामा ७५ हजार ९ सय ६१ जनाले, क्षेत्र नम्बर २ मा १ लाख १६ हजार २ सय २३ मतदाता रहेकामा ७४ हजार ७ सय ५५ जनाले, क्षेत्र नम्बर ३ मा १ लाख २७ हजार ८ सय ३४ जना मतदाता रहेकामा ८० हजार ७ सय ९४ जनाले र क्षेत्र नम्बर ४ मा १ लाख १२ हजार ४ सय ९४ जना मतदाता रहेकामा ७२ हजार ८ सय ८२ जनाले गरी कुल ३ लाख ४३ हजार ९२ जनाले मतदान गरेका थिए । जिल्लामा क्षेत्र नम्बर १ मा ४९ वटा वडा ,क्षेत्र नम्बर २ मा ४९ वटा वडा, क्षेत्र नम्बर ३ मा ५१ वटा वडाहरु र क्षेत्र नम्बर ४ मा ५१ वटा वडा गरी कुल २ सय वटा वडाहरु रहेका छन् ।

### गणतन्त्रमा...

जीवनराम श्रेष्ठ पराजित हुँदा काठमाडौं ९ मा माओवादी केन्द्रकी उम्मेदवार कल्पना धमला पराजित भएकी हुन् ।

ललितपुर ३ मा माओवादी केन्द्रका तर्फबाट उम्मेदवार बनेकी पम्फा भुसाल पराजित बनेकी हुन् । यसैगरी, भक्तपुर निर्वाचन क्षेत्र नम्बर १ मा माओवादी केन्द्रका सुनिल गोठे पराजित बन्न पुगेका हुन् । यी सबै परिणामपछि सत्ता गठबन्धनमा रहेका कांग्रेसबाहेकका दल असन्तुष्ट देखिएका छन् ।

यस्तो असन्तुष्टिमा नयाँ दल र स्वतन्त्र उम्मेदवारहरु सरकार गठनमा निर्णायक बन्न सक्छन् । चुनावी परिणामले एउटा मात्रै दललाई सरकार बनाउने म्यान्डेड दिएको छैन् । कांग्रेस र एमालेले सरकार बनाउने प्रयास गर्दा तेस्रो र चौथो शक्तिको साथ अनिवार्य लिनुपर्ने छ । यसमा स्वतन्त्र प्रकृतिका उम्मेदवारहरु मार्फत रास्वपाले आर्जन गरेको शक्ति निर्णायक बन्न सक्छ ।

साँच्चै स्वतन्त्र रुपमा पनि सांसदहरु आएका छन् । केही संख्या नपुग्दा उनीहरु पनि सरकार गठनमा निर्णायक बन्न सक्छन् । मोरङ-५ बाट योगेन्द्र मण्डल, सर्लाही-४ बाट अमरेशकुमार सिंह, रौतहट-२ बाट किरण साह, रौतहट-३ बाट प्रभु साह र बर्दिया-२ बाट लालवीर चौधरी विजयी भएका छन् । स्वतन्त्रहरुले पनि विधि निर्माणमा पहुँच र प्रभाव राख्न सक्ने, सरकार बनाउन सक्ने हैसियत राख्नुलाई पनि संघीय लोकतान्त्रिकम गणतन्त्रात्मक व्यवस्थाभित्र मिलेको छ ।

### राष्ट्रिय...

पार्टीले चार लाख ५८ हजार चार सय ५९ मत, जनता समाजवादी पार्टीले दुई लाख ४८ हजार नौ सय ६८ मत, नेकपा (एकीकृत समाजवादी) ले एक लाख ९३ हजार नौ सय ६४ मत, जनमत पार्टीले एक लाख ७८ हजार दुई सय ३२ मत, नागरिक उन्मुक्ति पार्टीले एक लाख ७५ हजार आठ सय ५९ मत, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख चार हजार तीन सय ४९ मत, नेपाल मजदुर किसान पार्टीले ६८ हजार तीन सय आठ मत प्राप्त गरेका छन् ।

अन्तिम स्थानमा रहेको नेश्नलिष्ट पिपल्स पार्टीले एक हजार एक सय ५९ मत प्राप्त गरेका छन् । यही मङ्सिर चार गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा कूल ६१ प्रतिशत मतदान भएको थियो । सो निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदातालाई मताधिकार थियो ।

निर्वाचनमा प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि दुई हजार चार सय १२ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । यसैगरी प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई हजार एक सय ९९ उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम गरिएको छ ।

### नयाँ...

उनीहरूले आक्रोश पोख्ने अवसर पाएका थिएनन्। यो आक्रोश स्वतन्त्र पार्टीमार्फत पोखेका हुन् । जनताले आक्रोश पोख्ने नयाँ प्लेटफर्म पाए। यो राम्रो पक्ष हो,' उनले भने।

सापकोटाले स्वतन्त्र पार्टीको उदयले कन्जरभेटिभ विचार राख्ने समुदाय पनि उत्साहित रहेको उल्लेख गर्दै उनीहरूले गर्ने काम हेर्न बाँकी रहेको बताए ।

'स्वतन्त्र पार्टीको उदयले कन्जरभेटिभ विचार राख्ने समुदाय पनि उत्साहित छन् । तर म के भन्छु भने नयाँ आउनु राम्रो हो, नयाँ आएकाले गरेको राम्रो हेर्न बाँकी छ,' उनले भने । राष्ट्रिय स्वतन्त्र पार्टीमा फरक-फरक क्षमता भएका उम्मेदवार विजयी भएकाले संसदमा उनीहरूको भूमिका हेर्न बाँकी छ ।

### मलेसियाको...

जेलमा बिताएका भएपनि उनी मुलतः सुधारवादी नेताका रुपमा चिनिन्छन् ।

उनी विपक्षमा रहेको अवस्थामा अनौपचारिक भेटघाट


## सडक डिभिजन दमौलीको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७९/०८/११**

यस कार्यालयको बोलपत्र आह्वानको सुचना नं 02/RDDML–2079/80 अनुसार न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि तपसिलको ठेक्का नम्बरको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | निर्माण कार्यको विवरण | निर्माण व्यवसायिको नाम | कबोल अंक (मु.अ. कर र पि.एस बाहेक) |
|---|---|---|---|
| RDDML/ 337011694/ 079/80-09 | Roadway Upgrading works on Ranitari Harkapur Motormarga Road, Myagde,Tanhau | M/s Shubha Engineering and Builders Pvt. Ltd., Kaski | 3,422,775.00 |
| RDDML/ 337011694/ 079/80-10 | Roadway Upgrading works on Hariyali Motormarga Belbote Tilahar Road, Myagde,Tanhau | M/s S.N.S Construction, Tanahun | 3,206,350.00 |
| RDDML/ 337011694/ 079/80-11 | Structural and Blacktopping works on Bhanu Na. Pa. 10 Tanahun Kalimati Gahateri Road, Tanahu | M/s Anjel Construction, Tanahu | 3,969,500.00 |
| RDDML/ 337011694/ 079/80-12 | Construction of Slab culvert on Sisneri Khola along Marsyangdi Madi Purakot Panchsaya Phat Byas Partha Dulahi-pani Road, Tanahu | M/s Belu Nirman Sewa, Tanahun | 3,930,790.50 |
| RDDML/ 337011694/ 079/80-13 | Roadway Upgrading and Gabion works on Kalika marga (Satrasaya Sahid Gau Pulimaranga Lamjung Kunchha Road), Tanahu | M/s Narayan & Sons Construction Pvt. Ltd.,Lamjung | 2,479,063.00 |
| RDDML/ 337011364/ 079/80-14 | Traffic Safety works on Khairenitar-Bhimad-Kawasoti Road, Tanahu | M/s Himali Construction, Kaski | 2,851,535.00 |

डिभिजन प्रमुख



## Invitation for online Bids

**SHIVASATAKSHI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**PROVINCE NO.1, JHAPA**
**Date of publication: 2079/08/11 (27-Nov-2022)**
**Date of bid opening: 2079/09/12(27-Dec-2022)**

1. Shivasatakshi Municipality invites electronic bids for Nepalese eligible bidders for the following construction Works under National Competitive Bidding procedures.


| Contract Identification no. | Name of Project | Estimated Amount (Without VAT and PS) | Bid document Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|---|
| 07/SM/NCB/ Cons/2079/080 | Construction of Incomplete Vendor shop at jhiljhile Bus park, shivasatakshi 11 | 1,51,74,550.78 | 3000.00 | 4,29,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be download from the PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank: Mega Bank Nepal LTD , Birtamod branch**
**Name of Office: Shivasatakshi Municipality**
**Office Account no.: 3140010000128**
4. Pre-bid meeting shall not be conduct.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 2079/09/12 (27-Dec-2022). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 2079/09/12(27-Dec-2022) at the office of Shivasatakshi Municipality , province No. 1, Jhapa . Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security amount as stated above deposited at Dharauti account No. 3140010000161 on behalf of of Shivasatakshi Municipality at Mega Bank Nepal LTD , Birtamod branch or bid bond authorized from a recognized "A" class commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scanned copy of the bid security in .pdf format, amounting as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

# सर्लाही २ मा महिन्द्र राय यादव निर्वाचित

**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, १० मंसिर



सर्लाही क्षेत्र नं २ बाट नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष महिन्द्र राय यादव विजयी भएका छन् । लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का उम्मेदवार राजेन्द्र महतोलाई २ हजार १३ मतान्तरले पराजित गर्दै उनी विजयी भएका मुख्य निर्वाचन अधिकृतको कार्यालय सर्लाहीले जनाएको छ ।

वाम लोकतान्त्रिक गठबन्धनबाट साझा उम्मेदवार बनेका नेसपाका रायले २३ हजार ५ सय २९ मत प्राप्त गर्दा उनका निकटतम् प्रतिस्पर्धी लोसपाका महतोले २१ हजार ५ सय १६ मत प्राप्त गरेका मुख्य निर्वाचन अधिकृत कवि प्रसाद न्यौपानेले जानकारी दिए ।

उनका अनुसार विजयी भएका राय २०७४ को निर्वाचनमा पनि यसै क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए भने लोसपाका महतो २०७४ सालमा नेकपा एमालेको सहयोगमा धनुषा क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका जिल्ला निर्वाचन कार्यालय सर्लाहीले जनाएको छ । यता, वाम लोकतान्त्रिक गठबन्धनका राय सर्लाही क्षेत्र नम्बर २ बाटै २०७४ सालमा पनि निर्वाचित भएका थिए ।

त्यसैगरी सर्लाही-२ प्रदेशसभा (ख) बाट नेपाली कांग्रेसका कौशल किशोर राय यादव प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । उनले लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का उम्मेदवार मेभुर चौधरीलाई १ सय ७९ मतान्तरले पराजित गर्दै निर्वाचित भएका हुन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार यादवले ९ हजार ६ सय २६ मत प्राप्त गरी विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी लोसपाका चौधरीले ९ हजार ४ सय ४७ मत प्राप्त गरेका थिए । योसँगै प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ मंसिर ४ को प्रत्यक्ष तर्फको मतगणना सम्पन्न भएको छ ।

# फुटपाथ खाली र टहरा भत्काउने अभियान शुरु



विराटनगर/मस- विराटनगर महानगरपालिकाले फुटपाथ खाली गर्ने र सडक मापदण्ड मिचेर बनाएका टहरा हटाउने अभियान शुक्रबारदेखि शुरु गरेको छ । विराटनगरको सौन्दर्यकरण वृद्धि र सर्वसाधारणलाई आवतजावतमा सहज बनाउने उद्देश्यले फुटपाथ नियन्त्रण गर्न महानगरपालिका आक्रामकरुपमा प्रस्तुत भएको छ । सो अभियान विराटनगरको मेनरोडबाट शुरु गरिएको छ । महानगरपालिकाले गत कात्तिक ३ गते बजार सौन्दर्यकरण, दुर्घटना न्यूनीकरण तथा फुटपाथ नियन्त्रणका लागि भन्दै ३५ दिने सूचना सार्वजनिक गरेको थियो । व्यापारीले फुटपाथमा सामान राख्न नछाडेपछि महानगरले हटाउन शुरु गरेको हो । पसलको सटरभन्दा बाहिर सामग्री नराख्न आग्रह गर्दै महानगर प्रहरीले हटाएको थियो । पसलबाहिर राखेका सामान, टेलिभिजन, फ्रिज, माला, प्लाष्टिकका कुर्सीलगायतका सामान हटाइएको छ ।

अटेर गर्ने व्यापारीका सामान नियन्त्रणमा लिइएको छ । यसरी नियन्त्रणमा लिएका सामान जरिवाना तिराएर मात्रै छाड्ने गरेको महानगरले जनाएको छ । 'विराटनगरलाई साँच्चिकै महानगरजस्तो बनाउन कुनै कसर बाँकी राख्दैनौं', प्रमुख नागेश कोइरालाले भने, 'हामीले दुई-दुईपटक सार्वजनिकरुपमै सूचना प्रकाशित गरेका थियौं । विराटनगरलाई सुन्दर बनाउनु व्यापारीको पनि कर्तव्य हो । उहाँहरुलाई महानगरले जारी गरेको सूचना कार्यान्वयन गर्न सहयोगका लागि आग्रह गर्दछु ।'

यात्रुलाई हिँड्न सहज होस् र बजारको सौन्दर्य वृद्धि होस् भनेर जथाभावी राखेका सामान हटाउन शुरु गरिएको महानगर प्रहरीका प्रमुख राजन पौडेलले बताए । व्यापारीले सामान हटाउनका लागि केही दिन समय दिन पनि महानगरसित आग्रह गरेका छन् । 'महानगरको यो अभियान एकदमै राम्रो छ, तर कसैका सामान हटाउने र कसैका नहटाउने गर्नुहुँदैन । नियम सबैलाई समान हुनुपर्छ', स्थानीय व्यापारी शङ्कर साहले भने, सामान हटाउन केही समय पनि दिनुपर्छ ।'

नगर प्रहरी निरीक्षक पौडेलका अनुसार पहिलो पटकका लागि महानगर प्रहरी आफैँले सामानभित्र राख्न सघाउने र फेरि पनि अनुगमनमा जाँदा बाहिर राखेको पाइए नियन्त्रण गरिनेछ ।

# रौतहट चुनाव : कतै ढल्यो विरासत, कतै रचियो इतिहास

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १० मंसिर

रौतहटको ४ वटै निर्वाचन क्षेत्रको मतगणना सम्पन्न भएको छ । मत परिणाम अनुसार सत्ता गठबन्धन र स्वतन्त्र उम्मेदवारले २-२ क्षेत्रमा जित निकालेका छन् ।

रौतहट क्षेत्र नं.१ मा नेकपा एकीकृत समाजवादीका केन्द्रीय अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल विजय भएका छन् भने आलम परिवारको विर ासतको रूपमा परिचित क्षेत्र नं .२ मा स्वतन्त्र उम्मेदवार किरण साह निर्वाचित भएका छन् ।साहको जितसँगै आलम परिवारको विरासत ढलेको छ । यस्तै क्षेत्र नं. ३ मा चौथो पटक जित निकाल्दै पूर्वमन्त्री प्रभु साहले इतिहास रचेका छन् भने २०४८ सालदेखि दोहोरिएर कुनै उम्मेदवार निर्वाचित नभएको क्षेत्र नं. ४ मा पुनः निर्वाचित भई देव प्रसाद तिमल्सिनाले इतिहास बदली दिएका छन् ।

क्षेत्र नं.१ मा नेकपा एकीकृत समाजवादीका केन्द्रीय अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले नेकपा एमालेका उम्मेदवार अजय कुमार गुप्तासँग ६ हजार ६ सय मतान्तरले विजय भएका हुन् । यसअघि २०७४ को चुनावमा लोसपाका नेता अनिल कुमार झाले विजय हासिल गरेका थिए । झा त्यस बखत २१ हजार ८५ मत प्राप्त गरी निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका कृष्ण यादवले १५ हजार ४८४ मत प्राप्त गरेका थिए । यसपटक उनले आफ्नो निर्वाचन क्षेत्र धनुषा- ३ रोजेका थिए तर उनले त्यहाँ रौतहट जस्तो सफलता हासिल गर्न सकेनन् । उनी जसपासँग गठबन्धन गरेको एमालेकी जुली कुमारीसँग हार्न पुगे । झा ९ हजार ६६९ मतान्तरले पराजित भए ।

यस क्षेत्रको (क) मा गठबन्धनकै नागेन्द्र साह निर्वाचित भएका छन् । कांग्रेस नेता साहले १० हजार ५ सय २ मत ल्याएर निर्वाचित भएका हुन् । उनका प्रतिद्वन्द्वी एमालेका राजकिशोर यादवले ८ हजार ८६३ विजयी भएका हुन् । साह निर्माण व्यवसायी समेत हुन् । उनी साह निर्माण सेवा प्रालिका मालिक हुन् । यहाँ २०७४ को चुनावमा १० हजार ५२४ मत प्राप्त तत्कालिन राजपाबाट बाबुलाल साहले जितेका थिए । अहिले भने उनी तेस्रो भएका छन् । नेकपा एमाले र जसपाबाट एमालेका राजकिशोर यादव उम्मेदवार बनेपछि उनले स्वतन्त्र उम्मेद्वारी दिएका थिए ।

यस्तै क्षेत्र नं. ४ (ख) मा सत्तागठबन्धनबाट नेपाली कांग्रेसका कृष्ण प्रसाद यादव निर्वाचित भएका छन् । कांग्रेसका मधेश प्रदेश सभापति रहेका उनले निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार राजेशकुमार चौधरीलाई १ हजार ८१ मतान्तरले पराजित गरेका छन् । उनका निकटतम प्रतिद्वन्द्वी चौधरीले ११ हजार ४ सय मत प्राप्त गरेका छन् । यस अघि पटक-पटक प्रतिनिधिसभामा लडेका निर्वाचित यादवले मुख्यमन्त्री पाउने आशामा प्रदेशसभामा भाग लिएका हुन् । उनि संविधानसभा सदस्य समेत हुन् । यता यसअघि २०७४ को चुनावमा यस क्षेत्रबाट जितेका योगेन्द्र राय यादवले तेस्रो स्थान प्राप्त गरेका छन् । मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री समेत रहेका उनले जम्मा ७ हजार ७ सय २९ मत प्राप्त गरेका छन् ।

यस्तै क्षेत्र न.२ मा स्वतन्त्र उम्मेदवार किरण साहले गठबन्धनका साझा उम्मेदवार फिरदोस आलमलाई ४ हजार ५ सय ९४ मतले हराएका हुन् । एमाले जसपा गठबन्धनका उम्मेदवार शैलेन्द्र साहले २ हजार १४२ मत पाए ।

नेकपा एमाले र जसपाबाट टिकट लिएर साह चुनाव लडेका हुन् । उनले अन्तिम समयमा किरणलाई समर्थन गरेका थिए । पार्टीले टिकट नदिएको र उनको क्षेत्र जसपाको भागमा परेपछि साहले स्वतन्त्रबाट उम्मेदवारी दर्ता गराएका हुन् । प्रभु साहको स्वतन्त्र प्यानलबाट पहिलो पटक साह निर्वाचित भएका छन् ।

यस अघिको निर्वाचनमा उक्त क्षेत्रबाट मो.आफताब आलम विजयी भएका थिए । फिरदोसका काका हजुरबुबा शेख इद्रिसले रौतहटबाट २०४८ र २०५१ को चुनाव जितेका थिए । उनको मृत्युपछि २०५३ सालको उप-निर्वाचनमा भतिजा आफताब आलमले चुनाव जिते । २०६४ र २०७४ को चुनाव पनि जितेका आलम मन्त्री पनि भए ।

आलम जेल परेपछि यो क्षेत्रमा उनका छोराले उम्मेदवारी दिएका हुन् । २०४८ सालदेखि निरन्तर आलम परिवारले जित्दै आएको विरासतको रूपमा परिचित यो क्षेत्रमा यसपालि इतिहास नै फेरिएको छ ।

यता क्षेत्र न २ को प्रदेशसभा (क) मा नेकपा एमालेका उम्मेदवार मोहमद जैद आलम विजयी भएका छन् । आलम १३ हजार ७ सय ३२ मत ल्याई विजयी भएका छन् ।

निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उमेदवार नागेन्द्रप्रसाद सिन्हाले ६ हजार ८ सय ६० पाएका छन् । स्वतन्त्र उमेदवार सिन्हाले ६ हजार ८ सय ७२ मत प्राप्त गरेका छन् । तमलोपाका उम्मेदवार शेख जमसेदले ५ हजार ४ सय निर्वाचित जैद स्थानीय तहको चुनावमा समेत मेयर पदमा लडेका थिए । जसपाबाट उम्मेद्वारी दिएका उनी त्यसबेला कांग्रेसका उम्मेदवार मोहम्मद राजिक आलमसँग ३७५१ को मतान्तरले हार्न पुगेका थिए । टिकट नदिएको झोकमा जसपा गएका उनी एमालेमा पुन फर्केका थिए ।

यस्तै क्षेत्र न २ को (ख) मा सत्ता गठबन्धन विरुद्व बागी उम्मेदवार बनेका नेकपा एसका कनिस पटेल विजय भएका छन् । एमाले जसपा गठबन्धनका उम्मेदवार रामकिशोर यादवलाई पराजित गर्दै पटेलले विजय भएका हुन् । पटेलले १० हजार ४ सय २४ मत प्राप्त गर्दा यादवले १० हजार ३३ मत प्राप्त गरेका छन् । त्यस्तै स्वतन्त्र उम्मेदवार मनोज यादवले ५ हजार २ सय ६५ मत प्राप्त गरि तेस्रो स्थानमा छन् । माओवादी केन्द्रका उम्मेदवार सुरेन्द्र प्रसाद जयसवालले ५ हजार २ सय ४४ मत पाएका छन् । यस क्षेत्रमा यस अघि रामकिशोर यादवले १ हजार ७ सय ६५ मत बढी ल्याई प्रतिद्वन्दी माओवादी केन्द्रका मनोज कुमार यादवलाई पराजित गरेका थिए ।यस्तै क्षेत्र न.३ मा नेकपा एमालेका टिकट गोजिमा राखि स्वतन्त्र उम्मेदवारी दिएका प्रभु साहले ३२ हजार ४ सय ६७ मत प्राप्त गरी जितेका हुन् । उनी अर्का स्वतन्त्र उम्मेदवार ओम प्रकाश जयसवाललाई ७ हजार २ सय ६७ मतले पछाडि पार्दै जितेका हुन् । जयसवाललाई पछिल्लो समय महागठबन्धनको सहयोग रहेको थियो भने साह एक्लिएका थिए । यो सँगै साहले प्रतिनिधि सभामा चौथो पटक चुनाव जितेका छन् । उनी विभिन्न समयमा मन्त्री समेत भइसकेका छन् ।

# तेस्रो पटक संसदको यात्रामा छविलाल विश्वकर्मा



**बुटवल/मस–** नेकपा एमालेका सचिव छविलाल विश्वकर्मा तेस्रो पटक संसद प्रवेश गर्दै छन् । सचिव विश्वकर्मा यस पटक पनि रुपन्देही क्षेत्र नं १ बाट निर्वाचित बनेका हुन् । उनले आफ्नै पूर्वसहकर्मी घनश्याम भुसाललाई तीन हजार पाँच ६४ मतान्तरले पराजित गरेका हुन् । बुटवल उपमहानगरपालिका-११, रुपन्देहीका स्याथी विश्वकर्मा २०१९ मंसिर २३ गते स्याङ्जा जिल्लामा जन्मिएका हुन् । विसं २०७४ को निर्वाचनमा सोही क्षेत्रबाट विजयी भएका उनले यस पटक २४ हजार आठ सय ७२ मत ल्याई प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए । निकटतम प्रतिस्पर्धी भुसालले २१ हजार तीन सय आठ मत प्राप्त गरेका थिए । भुसालले एमालेबाट टिकट नपाएपछि पार्टी परित्याग गरी सत्तागठबन्धनको समर्थनमा स्वतन्त्र उम्मेदवारी दिएका थिए ।

स्व. चन्द्रबहादुर विश्वकर्मा र गंगाजमुना विश्वकर्माको कोखबाट जन्मिएका विश्वकर्माले २०३७ सालमा नेकपा (माले) बाट आफ्नो राजनीतिक यात्रा आरम्भ गरेका थिए । उनी विसं २०३७ मा अनेर ास्ववियु पाँचौं उपसभापति (बुटवल बहुमुखी क्याम्पस), २०५१ सालमा नेकपा (एमाले) को राष्ट्रिय परिषद् सदस्य र २०५८ सालमा एमालेको वैकल्पिक केन्द्रीय सदस्य बनेका थिए । त्यसैगरी सचिव विश्वकर्मा २०६५ सालमा पार्टीको केन्द्रीय कमिटी तथा पोलिटब्यूरो सदस्य हुँदै २०७५ सालमा स्थायी कमिटी सदस्य बनेका थिए ।

विसं २०६४ साल कृषि तथा सहकारीमन्त्री बनेका विश्वकर्मा २०५१ सालमा राष्ट्रिय खेलकुद परिषद्को सदस्य र २०५५ सालमा उपेक्षित, उत्पीडित र दलित वर्गको उत्थान विकास समितिको उपाध्यक्ष बनेका थिए । आफूलाई सामाजिक न्याय र समानताको पाक्षधर राजनीतिज्ञका रूपमा परिचित गराउन चाहने विश्वकर्माले तत्कालीन मालेबाट राजनीतिक यात्रा शुरु गरेका हुन् । गीत, लेख, रचनामा विशेष रुची राख्ने विश्वकर्मा २०६४ सालमा समानुपातिक तर्फबाट एमालेको तर्फबाट संविधानसभा सदस्य चयन भएका थिए ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०८/११**

**बुकिङ्गव्हिल नेपाल प्रा.लि.**को मिति २०७९/०७/१२ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एच.डी.ट्राभल प्रा.लि. (प्रा. लि. नं.:१२६७९२)** कायम गर्ने गरी मिति २०७९/०८/०१ गते श्री कम्पनी रजिष्ट्रार को कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०८/११**

**आर्किड रिसर्ट प्रा.लि.**को मिति २०७९/०७/२१ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एभोकाडो एण्ड आर्किड रिसर्ट प्रा.लि. (प्रा. लि. नं.: ५६१८)** कायम गर्ने गरी मिति २०७९/०७/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# शैलजा आचार्य स्मृति प्रतिष्ठान भवन उद्घाटन

**चितवन/मस–** नेपाली कांग्रेसकी नेतृ स्व. शैलजा आचार्यको स्मृति प्रतिष्ठानको नवनिर्मित केन्द्रीय भवनको उद्घाटन गरिएको छ । भरतपुर महानगरपालिका-५ तोरीखेतमा निर्मित भवनको महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले शनिबार एक कार्यक्रममा बीच उद्घाटन गरेकी हुन् । स्थानीय समाजसेवी राजेन्द्रप्रसाद अधिकारीले स्व. सरस्वती अधिकारीको सम्झनामा प्रदान गरेको १० धुर जग्गामा निर्माण गरिएको भवन रु ७० लाखको लागतमा बनाइएको हो । संघीय सरकारको रु ४० लाख र भरतपुर महानगरपालिकाको रु ३० लाखको लागतमा निर्माण गरिएको भवन एकतले रहेको छ । भवनमा एउटा सभाहल र दुई कोठा रहेका छन् । एउटा कोठामा सङ्ग्रहालय निर्माण गरिने छ । स्व. आचार्यको अर्धकदको शालिकसमेत अनावरण गरिएको छ । भवन उद्घाटन गर्दै मन्त्री रेग्मीले शैलजा आचार्यको आदर्श र सिद्धान्तप्रति प्रतिवद हुन नसक्दा राजनीतिमा बिचलन आएको बताइन् । राजनैतिक रूपमा उनको आदर्श अहिले पनि महत्वपूर्ण रहेको उनले बताइन् । आफैँ हारेर पनि देशलाई जिताउन कांग्रेस सधैँ तयार रहेको उनले बताइन् । मंसिर ४ गते सम्पन्न निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको उनले बताइन् । 'गठबन्धन कायम रहने छ', उनले भनिन्, 'गठबन्धन लामो समय जान्छ । गठबन्धन नरहे देशमा समस्या उत्पन्न हुने देखिन्छ ।' देशलाई निकास दिन सधैँ कांग्रेस अग्रसर हुनुपर्ने उनले बताइन् ।

वक्ताहरूले स्व. आचार्यले नेपालको राजनीतिमा पुऱ्याएको योगदानको बारेमा चर्चा गरेका थिए । कांग्रेस चितवनका निवर्तमान सभापति जीतनारायण श्रेष्ठ, नेपाली कांग्रेस चितवनका उपसभापति राजिव न्यौपाने, बागमती प्रदेशका नवनिर्वाचित प्रदेशसभा सदस्य उत्तम जोशी, ट्रष्टकी नवलपरासी सुस्ता पश्चिमकी कोषाध्यक्ष रम्बा कुँवर, ट्रष्टका महासचिव पूर्णप्रसाद गौडेल, भरतपुर महानगरपालिका-५ का अध्यक्ष युद्धप्रसाद श्रेष्ठ, ट्रष्टकी वरिष्ठ उपाध्यक्ष पार्वती शाह ठकुरी लगायतले बालेका थिए ।

## रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मोरङ, प्रदेश नं १, नेपाल**

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

## Kuwait मा रोजगार
**1. 3B General Trading & Cont. Co. WLL.**

पूर्व स्वीकृती मितिः २०७९/०८/०९ | चलानी नं. ६०१९२१०५ | LT No. : 276468

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Pump Attender | 100 | 00 | [illegible] | 100 | ४२,४३७।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २. | Foreman | 10 | 00 | | 140 | ५९,४१२।- | | | | | | | |

**2. Integral Services Company For Mechanical Contracting &Instrumentation**

पूर्व स्वीकृती मितिः २०७९/०८/०९ | चलानी नं. ६०१९२१०४ | LT No. : 276467

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Scaffolder | 90 | 00 | [illegible] | 110 | ४६,६८१।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २. | Panter | 10 | 00 | | 110 | ४६,६८१।- | | | | | | | |
| ३. | Laggers | 10 | 00 | | 95 | ४०,३१५।- | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १२ गते (28 November 2022) मा हुनेछ ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Samakhushi, Kathmandu, Tel : 01-4380875, 9851048235, 9851042984
Email:myeuroasiahr@gmail.com

## साउदीमा रोजगार
कम्पनी : HAIF TRADING AND CONTACTING COMPANY CLOSED JOINT STOCK COMPANY
शहरः Saudi Arabia

पूर्व स्वीकृत मितिः २०७९/०७/२५ | चलानी नं.: ६०१९१५५१ | L.T. No.: 275446

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | worker Architect | 68 | 0 | | 1000 | ३४,६८० | | | | | | | |

अन्तर्वार्ता राम जानकी टेर्निङ सेन्टर, जनकपुर, धनुषामा २०७९ मंसिर १९ गते (5 Dec. 2022) मा हुनेछ ।
अन्तर्वार्ता राम इन्टरस्कार्फ टेर्निङ सेन्टर, काठमाडौंमा २०७९ मंसिर २० गते ( 6 Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क. नं. १ को रु. १०,०००/– क.नं. २ को निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
बसुन्धारा-०३ काठमाडौं, फोनः ४३६१११११, ४३६६३१८ Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०

मध्यान्ह
www.madhyanhadaily.com
११ मंसिर २०७९, आइतबार
27 November 2022, Sunday

सम्पादकीय

## नयाँ शक्तिको परीक्षण

मंसिर गते सम्पन्न प्रदेशसभा तथा प्रतिनिधिसभाको चुनावबाट नयाँ शक्तिको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टी नयाँ शक्तिको रूपमा उदाएका छन् । नयाँ दलको उदयसँगै ठूला दलहरू सशंकित देखिएका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, महासचिव शंकर पोखरेल लगायतका नेताहरूले नयाँ शक्तिको उदयले स्थिरतामा धक्का दिन सक्ने टिप्पणी गरेका छन् । पोखरेल दुई दलीय व्यवस्थाको पक्षपाती हुन् । मुलुकमा दुई दल मात्रै रहने व्यवस्थाको पक्षमा निरन्तर वकालत र कसरत गर्दै आएका पोखरेलले नयाँ शक्तिको उदयलाई गलत भनी समाजमा स्थापित गराउन खोजिरहेका छन् । यही बेला नयाँ शक्तिको सरकारमा सहभागिताबारे पनि आम चासो बढेको छ । तर, नयाँ शक्तिहरू बोलिरहेका छैनन् । बरू एक सिट प्रत्यक्षमा जितेको राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्र बहादुर केसीले नेपालको संसदमा पुनः सांसद किनबेचको खेल हुन सक्ने सार्वजनिक अभिव्यक्ति दिएका छन् । उनको अभिव्यक्तिले अनेक संकेत गर्छ ।

सांसद किनबेचको खेल हुन सक्ने चित्र बहादुर केसीको अभिव्यक्तिले २०५१ सालको संसदलाई सम्झाउँछ । ०५१ मा दलहरू धेरै र कुनै पनि दललाई सरकार बनाउन धेरै दलको समर्थन चाहिने स्थिति थियो । अझ निर्णायक शक्तिको रूपमा रहेको, सरकारको नेतृत्व गरिरहेको पार्टीका सांसदहरू नै दल फेरि–फेरि सरकार बनाउन अग्रसर हुन्थे । त्यसबेला सांसद किनबेच गरेर सरकार बनाएको जस्ता टिप्पणी हुने गर्दछन् । इतिहासका साक्षी केसीले त्यही समय सम्झिएका हुन् । समाज र नेताहरूले सम्झाउँदा सम्झाउँदै, इतिहास जान्दा जान्दै नयाँ शक्तिले कस्तो भूमिका संसदमा खेल्नेछन् भन्ने आम चासो छ ।

उदाएका नयाँ दल चौथो शक्तिका रूपमा देखिँदैछन् । उनीहरू ठूला दलहरूको गतिविधिमाथि प्रश्न उठाउँदै उदाएका हुन् । भ्रष्टाचार, बेतिथी, महंगी, सार्वजनिक सेवाको ढिलासुस्ती महंगो शिक्षा र स्वास्थ्यका कुरा उठाएर उदाएका हुन् । आफ्नो धरातल नभुलेर नयाँ शक्तिले भूमिका खेल्नुपर्नेछ । अब उनीहरू विधि निर्माण गर्ने ठाउँमा छन् कस्ता विधि निर्माण गर्छन भन्ने विषय अहम छ ।

यो बेला सरकारमा जाने ललिपप ठूला दलहरूले देखाएका छन् । सरकारमा जानै हुन्न भन्ने होइन, संसदले नै सरकार गठन गर्छ र सरकारले कार्यकारी भूमिका खेल्छ । यसमा सहभागी हुन सबै संसदहरू उत्तिकै जिम्मेवार छन् । तर, चौथो शक्तिको रूपमा पठाएको सरकारमा जान हो भन्न सकिन्न । सरकारमा जाने म्यान्डेडका लागि १३८ सांसद चाहिन्छ । उसो त १३८ कसैले ल्याएका छैनन् । यो बेला साना दलहरूलाई साथमा लिनु ठूला दलहरूको बाध्यता हो । ठूला दलहरूको बाध्यतामा पग्लने सरकारमा गएर विगतका बाचा बिर्सने छुट नयाँ शक्तिहरूलाइ छैन् । अझ नयाँ उदय भएका दललाई संसदमा आवाज उठाउने भूमिका बढ्ता जनताले दिएका हुन् । यसकारण सारा बेतिथिका कुरा गरेर आएको शक्तिले जनतासामू परीक्षा आफैं दिनुपर्नेछ । उनीहरूको जनताले परीक्षण गर्दैछन् ।

# कम्युनिष्टको संसदीय मोह

*नेपालको इतिहासमा पटक-पटक कम्युनिस्ट नामका पार्टीको सरकार बनेकै छ । २०७४ देखि यता झण्डै दुई तिहाईकै अंकगणितसहितको कम्युनिष्ट नाम भएको पार्टीको सरकार बनेकै थियो । तर, उनीहरूको भूमिका संसदीयलाई व्यवस्थालाई शुद्धिकरण गर्ने होइन, थप भ्रष्टीकरण गर्ने खालको देखियो ।*

अग्रलेख



● हस्तबहादुर केसी

नेपालको कम्युनिस्ट आन्दोलनलाई हेर्दा, यो आफ्नो जन्मको शैसवकालदेखि नै संसदीय व्यवस्थाको मोहद्वारा प्रभावित हुँदै आएको छ। यस लेखमा कसरी किन नेपाली कम्युनिस्ट आन्दोलन पुँजीपतिवर्गको शासन प्रणालीका रूपमा रहेको सढे-गलेको संसदीय व्यवस्थाको मोह अर्थात् लाभमा फस्दै आएको छ ? भन्ने विषयमा चर्चा गर्ने प्रयत्न गरिनेछ । २००८ सालको स्थानीय निर्वाचनमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टीले काठमाडौं नगरपालिकाको निर्वाचनमा भाग लिएको थियो र विजय हासिल गरेको थियो । त्यस विजयबाट प्रभावित भएको र हौसिएको नेपाल कम्युनिस्ट पार्टीले २०१५ सालमा सम्पन्न पहिलो संसदीय व्यवस्थाको निर्वाचनमा भाग लिएको थियो र पाल्पा, ललितपुर, रौतहट गरी चार क्षेत्रबाट जित हासिल गरेको थियो । तर, चुनावमा पार्टी संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ भने पराजित हुनुभएको थियो । २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले 'सैनिक कु' गरी बहुदलीय व्यवस्थालाई अपदस्त गरी निर्दलीय तथा तानाशाही पञ्चायती व्यवस्थाको घोषणा गरेपछि राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाइएको थियो । तत्कालिन समय कांग्रेसका नेता प्रधानमन्त्री बिपि कोइराला, कम्युनिस्ट पार्टीका सभापति नेताहरु मनमोहन अधिकारी, मोहनविक्रम सिंहसमेतका नेताहरुलाई जेलमा राखियो ।

राजा महेन्द्रको शाही पश्चगामी कदम पछि २०१७ साल फागुनमा भारतको दर्भङ्गामा नेपाल कम्युनिस्ट पार्टीको प्लेनम बस्यो, जसलाई 'दर्भङ्गा प्लेनम' भनिन्छ। त्यस प्लेनमले एक मतले विघटित संसदको पुनःस्थापनाको प्रस्तावलाई पारित गऱ्यो। त्यहाँनेर पनि नेपाल कम्युनिस्ट पार्टीको संसदीय व्यवस्थाप्रतिको मोह देखिन्छ ।



२०४६/४७ को पञ्चायत विरोधी संयुक्त जनआन्दोलनमा पनि संयुक्त वाममोर्चाले नेपाली कांग्रेससँग सहकार्य गरेर आन्दोलनमा होमियो र उक्त जनआन्दोलनको बलमा ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्यै भई बहुदलीय व्यवस्थाको पुनःस्थापना भयो । त्यसलाई नेपालका कम्युनिस्ट पार्टीहरुले स्वीकार गरे र २०४८ सालको संसदीय निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी (मसाल) बाहेक एमाले, एकता केन्द्र, नेमकिपा लगायतका कम्युनिस्ट पार्टीहरुले भाग लिए । एमाले संसदकै दोस्रो ठूलो दल बन्न पुग्यो भने एकता तेस्रो ठूलो दल बन्यो । २०४९ साल माघमा एमालेले पार्टीको पाँचौं महाधिवेशनबाट 'जनताको बहुदलीय जनवाद' नाम दिइएको बहुलवादमा आधारित आफ्नो नीति कार्यक्रम पारित गऱ्यो । जुन नीति संसदीय व्यवस्थामा डुबाउने बाटो थियो । जनताको बहुदलीय जनवादको नीतिसँगै एमाले संसदवाद र संसदीय व्यवस्थामा चुर्लुम्मै डुब्यो र अहिले नवप्रतिक्रियावादमा पतन भइसकेको छ ।

अर्कोतिर, २०५१ साल फागुन १ गतेदेखि "साम्राज्यवाद र सामन्तवादको आडभरोसामा टिकेको संसदीय बहुदलीय व्यवस्थाको अन्त्य गरौं, जनवादी राज्य व्यवस्थाको स्थापना गरौं" भन्ने मूल नाराका साथ तत्कालीन नेपाल कम्युनिस्ट पार्टीले सशस्त्र जनयुद्धको थालनी गऱ्यो। तर, सशस्त्र जनयुद्धले उत्कृष्टता हासिल गर्दै गइरहेकै अवस्थामा २०६० साल जेठमा सम्पन्न पार्टी केन्द्रीय समितिको पूर्ण बैठकद्वारा पारित 'एक्काइसौं शताब्दीको जनवादको विकासबारे' नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का ऐतिहासिक दस्तावेजहरु, पृष्ठ २४२, पश्चिम केन्द्रीय कमाण्ड, नेकपा (माओवादी, २०६३ मंसिर बाट) नामक प्रस्ताव पारित गरेको थियो ।

नेकपा (माओवादी) एक्काइसौं शताब्दीको जनवाद पनि एमालेको बहुदलीय जनवाद जस्तै थियो । त्यसै बेला सशस्त्र जनयुद्धरत नेकपा (माओवादी)भित्र पनि बहुलवादको चिन्तन पाइएको थियो । बहुलवाद बहुदलीय व्यवस्थाको दार्शनिक आधार हो अर्थात् जनयुद्धकालिन अवस्थामा पनि माओवादी आन्दोलनभित्र संसदीय बहुदलीय व्यवस्थाको मोह प्रकट भइरहेको पाइन्छ ।

*नेपालको कम्युनिष्ट आन्दोलनलाई हेर्दा, कम्युनिष्ट शक्ति संसदीय मोहमा निकै फसेको देखिन्छ । कम्युनिष्ट पार्टीको स्थापनादेखि नै 'संसदलाई उपयोग गर्ने' नाममा स्थानीय तहदेखि संसदीय चुनावसम्म भाग लिने गरेको देखिन्छ । पार्टी स्थापना लगत्तै २००८ सालमा भएको स्थानीय निर्वाचनमा भाग लिएर नेकपाले काठमाडौं नगरपालिकाकै नेतृत्व जितेको थियो ।*

दश वर्षे जनयुद्धको नेतृत्वको गरेको मुख्य शक्ति (प्रचण्ड-बाबुराम) पनि बहुलवाद, बहुदलीय संसदीय व्यवस्थाको मोह मौलाउँदै गर्दा २०६२ असोज-कार्तिकमा सम्पन्न चुनवाङ बैठकबाट नयाँ सशस्त्र जनयुद्धलाई स्थगित गरी 'लोकतान्त्रिक गणतन्त्र' नारा पारित गर्नु र २०६२ कार्तिक ७ गते तत्कालीन सात राजनीतिक दलहरु (कांग्रेस-एमाले) समेतका दलहरुका बीचमा दिल्लीमा १२ बुँदे समझदारी पत्रमा हस्ताक्षर गरेर शान्ति प्रक्रियामा प्रवेश गर्नु र २०६३ मंसिर ५ गते प्रचण्डले बिस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेर पूर्णरूपमा शान्ति प्रक्रियामा होमिएदेखि तत्कालीन नेकपा (माओवादी) को मुख्य नेतृत्व नेतृत्वमा रहेको संसदीय बहुदलीय व्यवस्थाप्रतिको मोह नराम्ररी उजागर भएको थियो । हिजोको नेकपा (माओवादी) आज नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) हुँदै संसदीय पार्टीमा सीमित भइसकेको छ ।

त्यस्तै, नेपाल कम्युनिस्ट पार्टी (मसाल), नेपाल कम्युनिस्ट पार्टी (माले), नेमकिपा पनि संसदीय बहुदलीय व्यवस्थाको मोहमा चुर्लुम्म डुप्दै आएका छन् । अर्कोतिर, वर्तमान नेपाली कम्युनिस्ट आन्दोलनभित्रको क्रान्तिकारी धारा जो दुई खेमामा विभाजित छ, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)सहित चार कम्युनिस्ट घटकहरुले एउटा मोर्चा बनाएर यही मंसिर ४ मा भएको निर्वाचनलाई बहिस्कार गरे । उनीहरुले यो व्यवस्थाकै विकल्प खोज्ने एजेण्डा अगाडि सारेका छन् । चार पार्टीको बुझाई यो चुनाव नै संसदीय व्यवस्थाको अन्तिम चुनाव हो । तथापी, गएको स्थानीय चुनावमा भने यी केही पार्टीले सहभागिता जनाएका थिए । जसलाई हेर्दा, संसदीय निर्वाचनको सशक्त रूपमा बहिष्कार गर्ने भन्ने यी कम्युनिस्ट घटकहरुमा पनि पूर्णरूपमा बहुदलीय संसदीय व्यवस्थाको मोहबाट मुक्त भइसकेको अवस्था देखिन्न ।

संसदीय व्यवस्था भनेको पद, प्रतिष्ठा र पैसाको मुख्य आधार भएकोले चरम अवसरवादीहरुलाई लटपट्याइरहन्छ। अर्कोतिर संसदीय व्यवस्था भनेको फटाहा, जाली, झेली, सिल्ली, ढाँट, भ्रष्ट, अनैतिक, देशघाती, जनघातीहरुले नेतृत्व गर्ने भएकोले यो व्यवस्थालाई चलाउने राजनीतिक दलहरुले जनतालाई विविध प्रकारको भ्रमजालमा फसाएर भोट बटुल्ने र सत्तामा पुग्न जनतालाई भऱ्याङ बनाउने गरेका हुन्छन् । आज नेपालका संसदीय अभ्यासमा पनि यस्ता घटनाहरु देखिएका छन् । तर, कम्युनिष्टको नाम गरेका नेपाल कम्युनिस्ट (एमाले), नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)लगायत भने संसदीय भासमा भासिइसकेका छन् । नाममा कम्युनिष्ट भएपनि उनीहरु पनि उनीहरुकै भाषामा 'जनतालाई झुक्याउने र भोट बटुलेर सत्तामा पुग्ने र सत्तामा रजाइँ गर्ने' गर्ने खेलो चलिरहेकै छ ।

यसअघि उनीहरुकै नेतृत्वका नामको कम्युनिस्ट सरकार बनेकै थियो । झण्डै दुई तिहाई अंकगणितसहितको सरकारको भूमिका के-कस्तो थियो सबैले बुझेकै छन् । उनीहरुको भूमिका विश्वका कुन कम्युनिष्ट पार्टी वा दर्शनसँग मिल्छ त्यो पनि भन्न सकिने विषय हो । यस प्रकारले गर्दा सच्चा कम्युनिस्ट र आमनेपाली जनताले यसप्रकारको संसदीय व्यवस्थापनलाई खारेज गरौं भन्ने माग दृढताका साथ अगाडि बढाएका छन् । अहिलेको चुनावबाट देखिएको अंकगणित पनि व्यवस्थालाई सिध्याउने खालको छ । जनमतमा सबैभन्दा अगाडि देखिएको दल एमालेका अध्यक्षले भनेजस्तै : अब संसदमा सांसद खरिब-बिक्रीको खेल हुनेछ तर, सरकार छ महिना टिक्न भने सक्ने छैन । यस्तोमा यो व्यवस्थालाई परिवर्तन गर्न खोज्ने अग्रगामी शक्तिलाई भने अवसर मिल्नेछ । जनतामा बढ्दै गएको आक्रोशले व्यवस्था पल्टिने निश्चित छ ।

सामाजिक सञ्जाल



- डम्मर खतिवडा

ओलीले प्रचण्डलाई फोन गरेर "फेरि मिलौं, फेरि आधा/आधा खाने कागज गर्न तयार छु" भन्न भ्याइसकेछन् । पाँच वर्ष यही नाटक, नौटंकीमा बित्यो । यस्तो नौटंकी संसारमा कम्युनिस्टहरूले जति कस्ले जान्दा हुन् ? तिर्नु नपर्ने ऋणको तमसुकमा जतिवटा शून्य थपे पनि निधारले ल्याप्चे लगाइदिँदा भै गो !



- केशव दाहाल

स्वतन्त्र पार्टीका साथीहरू चाँडै सत्ताको खेल सुरू होला, कृपया अंकगणितमा नफस्नु होस् । जमेको सत्ता र संसदलाई तरंगित गर्नुहोस् । खबरदारी गर्नुहोस्, विधि बनाउनुहोस् । र, सँगसँगै बनाउनुहोस् आफ्नो पार्टी । आज देशलाई सचेत प्रतिपक्षको खाँचो छ । अनावश्यक चुरिफुरीले निराश बनाउछ है, होस् गर्नुहोस् ।



- राधाकृष्ण कटवाल

कांग्रेसबाट प्रधानमन्त्रीको दाबेदार गर्ने जति सबै निर्वाचित भएछन्, अब प्रम हुने चाहिँ को होला ? अहिले कै गठबन्धन कायम हुन्छ भन्थे अब आफ्नै पार्टीभित्रै भाँडभैलो मच्चिएला जस्तो छ । बरू कृष्ण सिटौला, डिना र पुष्पा भुसालले पनि प्रमको दाबेदार गरेको भए चुनाव जिति हाल्थे कि ?



- सेतेमान तामाङ

चुनाव जित्दैमा संसार जित्ने होइन, हार्दैमा संसार हार्दैन तर, परिणाम जेसुकै आए तापनि राजनीति संस्कार, राजनीतिक व्यवस्था चाहिँ जित्नुपर्छ । एकदिन राजनीतिक व्यक्तिले सफलता प्राप्त हुन्छ नै । जितमा नमत्तिनु, हारमा नआत्तिनु बरू निरन्तर दिन नछोड्नु, चरित्र, स्वाभिमान नगुमाउनु एक दिन आवश्य जित हुनेछ ।




- शरदराज पाठक

चुनाव चिह्न भाडामा दिने/लिने जस्तो विकृत राजनीतिक अभ्यासलाई नयाँ पार्टीले पनि निरन्तरता दियो । केहीलाई मतदाताले अस्वीकृत गरिदिए, केही विजेता बने । कानूनी मान्यता पाएपनि यस्ता काम भद्दा र अशोभनीय नै हुन् । चुनाव चिह्न भाडामा लिएर जितेका 'स्वतन्त्र' माथि दलको ह्वीप लाग्छ कि लाग्दैन ?

# नेपालसँग मिल्दोजुल्दो श्रीलंकाली रहन–सहन

यात्रा-संस्मरण



● सम्झना पौडेल

दक्षिण एसियाली मुलुक भएर होला श्रीलंकाको खानपान, रहनसहन अनि संस्कार संस्कृति नेपालसँग मिल्दो जुल्दो नै रहेछ । यस्ता सबै कुरा मिलिरहँदा बोलचालको भाषा भने निकै फरक । जस्तो भारतको हिन्दी र पाकिस्तानको उर्दू भाषा लेख्दा फरक भए पनि हिन्दी बोल्न र बुझ्न सक्नेलाई पाकिस्तानमा खासै फरक पर्दैन । भाषा बारेको यो अनुभव मैले १० वर्ष पहिले पाकिस्तान जाँदा अनि अहिले श्रीलंका जाँदा महशुष गर्न पाएँ । तर, सजिलो भने के भने अंग्रेजी भाषा साधारण बोलचाल गर्न सक्नेलाई भने खासै असहज नहुने नै रहेछ । प्रायः श्रीलकंनहरु राम्रो अग्रेजी बोल्न, बुझ्न सक्ने नै थियो ।

मैले अंग्रेजी भाषालाई यहाँ किन समावेश गर्न चाहें भने दुई/चार वर्ष पहिले कोरिया जाँदा पनि उनीहरु प्रायः अंग्रेजी नबोल्ने अनी म कोरियन नजान्ने हुँदा साधारण सञ्चार गर्न पनि असहज जस्तै भएको थियो । त्यस्तै एक महिना अघि मात्र भारतको तामिलनाडु जाँदा पनि यसो बजार तिर जाँदा केही कुरा गरौं भन्दा स्थानीय व्यक्तिले अंग्रेजी नबोल्ने र मैले तामिल नजान्ने हुँदा पनि अलि असहज नै भएको थियो । तर, श्रीलंकामा भने त्यो अनुभव गर्न परेन । हुन त म औपचारीक कार्यक्रममा सरिक हुन गएको र भ्रमणको सबै व्यवस्थापन आयोजक तहबात नै भएकोले पनि केही सुगम स्थानमा कार्यक्रमहरु तय गरिएकोले पनि हुन सक्छ त्यो अनुभव गर्नु नपरेको ।

यो सबै पृष्ठभुमि बताइरहनुको कारण के भने त्यहाँको खानपान या भनौं खानाको बारेमा प्रवेश गर्नु थियो । श्रीलंकको होटल रेष्टुरेन्ट या घरमा नै पनि खानपिन तयार पार्ने खाने सबै तरिका एकै स्वाद र तरिकाका रहेछन् । श्रीलंकाको १२ दिनको बसाईमा मैले केही अल्ली पीरा बाहेक अन्य सबै खानाहरु नेपालका जस्तै नै पाएँ । तर, फरक यति मात्र थियो कि हामीले खिर पकाउँदा दुध, घिउ, चिनी र चामल मिसाएर बनाउँछौ भने श्रीलंकामा त्यो सँगै नरिवलको दुध मिसाइने रहेछ । यसो भन्नुको अर्थ के भने नरिवललाई कोरेर मज्जाले पानीमा पकाउने र त्यसबाट बनेको बाक्लो झोललाई नरिवलको दुध भन्ने चलन रहेछ । नरिवलको सुप, नरिवल मिल्क राइस, नरिवल मिल्क रोटी त्यहाँको दैनिकी र अति प्रिय खाना रहेछ । जुन खानमा पनि निकै स्वादिलो हुने र आडिलो पनि हुने ।त्यस्तै गरी चामलको पिठोलाई गोलाकार रूपको कराइमा फिजाएर अर्ध गोलाकारमा बनाइएको हुपर नामको खाने परिकार पनि त्यहाँको निकै प्यारो परिचीत परिकारभित्र पर्ने रहेछ । प्रायः होटल, रेष्टुरन्ट अनि पारिवारिक भेटघाटलाई यो परिकारले विशिष्टता प्रदान गर्ने रहेछ ।



*श्रीलंकामा राम्रा भनिने र पारिवारिक रेष्टुरेन्टले धेरै राम्रो र व्यवसायिक रूपमा आफूलाई विकास गरिरहेको पाइयो । हामीले खानपिन तथा बसोबास गरेका प्रायः होटलहरूले आफ्नै बारीमा अर्गानिक तरकारी तथा फलफुल उत्पादन गर्ने र यसरी उत्पादित तरकारी फलफुलहरू आफ्नै पारिवारिक होटल रेष्टुरेन्टमा प्रयोग गर्ने गर्दा रहेछन् । खानाका परिकार पनि करिब–करिब नेपाली गाउँसँग मिल्ने खालका रहेछन् । श्रीलंकामा रहँदा नेपालबाट टाढा भएजस्तो अनुभूति रहेन ।*



यहाँ परिकार बनाउँदा निकै समयसँगै मिहिनेत लगाएर धेरै परिकार बनाउने चलन पनि त्यतिकै रहेछ । अचारको मात्र कुरा गर्दा पनि हल्का पाकेको अम्बाको पनि अचार, प्याज मात्रैको पनि अचार, केराको अचार, अमलाको अचार यस्तै धेरै प्रकारका अचार खाना पारखीहरुको हुने रहेछ । अन्यथा खाना पकाउने खाने प्रचलन भने सायद दक्षिण एसियाली मुलुक भएर पनि होला सबै उस्तै उस्तै रहेछ ।

यो सँगसँगै यहाँ राम्रा भनिने र पारिवारिक रेष्टुरेन्ट भनिनेहरुले भने धेरै राम्रो र व्यवसायिक रूपमा आफूलाई विकास गरिरहेका पाइयो । हाम्रो खानपिन तथा बसोबास गरेका प्रायः होटलहरुले आफ्नै बारीमा अर्गानिक तरकारी तथा फलफुल उत्पादन गर्ने र यसरी उत्पादित तरकारी फलफुलहरु आफ्नै पारिवारिक होटल रेष्टुरेन्टमा प्रयोग गर्ने गर्दा रहेछन् । यो जानाकारी पाए पछि मैले यस्तो किन गरेको भनेर कुराकानी गर्दा होटलका म्यानेजरले यसो गर्दा दुई कुरा फाइदा पुग्ने बताए । एक त बजारको भाउ सस्तो तथा महँगो हुँदा कुनै असर नपर्ने, साथै आर्थिक मन्दीले सुस्ताएको बजारसँग भर पर्नु नपर्ने । अर्को, भनेको ग्राहकहरुलाई अर्गानिक तरकारी खुवाउन पाउने । यसो हुँदा ग्राहकको पनि विश्वास जित्न सकिने । यसो गर्दा प्रत्यक्षरूपमा व्यापार मात्रै होइन सेवा पनि हुने ।श्रीलंकका यस्ता केही होटलहरुले शुरु गरेको यो आफ्नै उत्पादन आफ्नै ग्राहकलाई भन्ने सिद्धान्तलाई हामीले आफ्नो मुलुकमा पनि लागु गर्न सकेको अवस्थामा हामीले पनि तरकारी फलफुलमा राखेको किटनाशक औषधी, भिटामिन या भनौ रसायनीक मल जुन तरकारीको छिटो बृद्धिको लागि प्रयोग गरिन्छ, त्यसको प्रति असर भोग्नु पर्ने थिएन कि !

# युक्रेन युद्धमा ज्यान गुमाएका रुसी सैनिकका आमासँग पुटिनको भेट

**काठमाडौं/एजेन्सी-** युक्रेन युद्धमा खटिएका तथा त्यसक्रममा ज्यान गुमाएका सैनिकका आमासँग रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले 'हामीलाई पनि तपाईंहरूको पीडाका बारेमा थाहा छ' भनेका छन् । 'पुत्र गुमाउनुको पीडालाई अरू कुनै कुराले प्रतिस्पर्धात्मक गर्न सक्दैन' पुटिनले आफ्नो सम्बोधनको क्रममा भनेका हुन् ।



उनको सम्बोधन रुसको सरकारी सञ्चारमाध्यममा प्रशारण गरिएको थियो । पुटिनसँगको भेटमा सहभागी भएका धेरै आमाहरू युक्रेनमा भइरहेको आक्रमणको पक्षमा रहेका छन् । आलोचकहरुले पुटिनसँगको वार्ताका लागि उनीहरूलाई निकै ध्यान दिएर छानिएको बताएका छन् ।

रुसमा पछिल्लो समय रुसभित्रै युक्रेन आक्रमणको विपक्षमा आवाज बढ्दै गएको छ । आमाहरुको समूहले खुला रुपमा युक्रेन युद्धको विरोध गरिरहेका छन् । यहीबीचमा पुटिनले सैनिकका आमासँग बैठक गरेका हुन् । शुक्रबारको बैठकमा पुटिनले १७ आमालाई सम्बोधन गरेका हुन् । तीमध्ये कतिपयले टाउको ढाक्ने स्कार्फ लगाएको देख्न सकिन्छ जसलाई शोकमा परेको संकेत मानिन्छ ।

सो अवसरमा पुटिनले भनेका छन्, 'म तपाईंहरूले व्यक्तिगत रूपमा म र यो देशको सम्पूर्ण नेतृत्व, तपाईंहरूको यो पीडा महसुस गर्छौं भन्ने थाहा पाउनुहोस् भन्ने चाहन्छु ।' एक जना आमालाई उनले उनका छोराले 'आफ्नो लक्ष्य हासिल गरेको' र 'त्यो खेर नजाने' बताए । पुटिनले प्रत्यक्ष भेटेर आमाहरूसँग आफूले उनीहरूका धारणा सिधै सुन्न चाहेको उल्लेख गरेका थिए । रुसी सैनिकहरूलाई नायकको संज्ञा दिएका पुटिनले आफूले युद्ध मैदानमा रहेका सैनिकहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने गरेको खुलासा पनि गरेका छन् । पुटिनले ती महिलाहरूलाई टेलिभिजन र इन्टरनेटमा युद्धबारे फैलिरहेका 'झुट्टा' र 'गलत' विवरणलाई विश्वास नगर्न भनेका थिए ।

भेटको केही घण्टापछि क्रेम्लिनले सार्वजनिक गरेको विवरणमा कैयौं महिलाहरूलाई पुटिन समर्थक अभियानका सदस्यका रूपमा परिचित गराइएको छ । उनीहरू रुसका विभिन्न ठाउँबाट आएका थिए । जसमध्ये कम्तीमा एक जना पूर्वी युक्रेनको स्वघोषित लुहान्स्क जनगणतन्त्र क्षेत्रबाट आएकी थिइन् । उक्त क्षेत्रलाई अघिल्लो वर्ष मस्कोले आफूमा गाभेको घोषणा गरेको थियो । सहभागीमा सत्तारुढ युनाइटेड पार्टीकी एक सांसद पनि रहेको केही विपक्षी सञ्चारमाध्यमले जनाएका छन् । अमेरिकी सैनिक जनरल मार्क मिलीका अनुसार गएको फेब्रुअरी २४ मा युक्रेनमाथि आक्रमण शुरु भएयता करिब एक लाख रुसी तथा एक लाख युक्रेनी सैनिक मारिएको वा घाइते भएको बताएका छन् ।

# इटालियन टापुमा पहिरोमा परी ८ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी-** इटालीको इस्चिया टापुमा भारी वर्षाका कारण गएको पहिरोमा परी शनिबार कम्तीमा आठ जनाको मृत्यु भएको छ । 'इस्चियामा पहिरोमा परी आठ जनाको मृत्यु भएको पुष्टि भएको छ,' पूर्वाधार मन्त्री तथा उपप्रधानमन्त्री माटियो साल्भिनीले भने ।

यसअघि समाचारमा १३ जना हराइरहेको जानकारी प्राप्त भए पनि आधिकारिक पुष्टि भने भएको छैन । सानो शहर कासामिसिओला टर्मेमा बिहान सबेरै हिलोको छालले कम्तीमा एउटा घर पुरेको र केही सवारी साधनलाई बगाएर समुद्रसम्म पुऱ्याएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् ।



एएनएसए समाचार संस्थाका अनुसार मृतकमध्ये एक नवजात शिशु पनि रहेको पुष्टि भएको छ । एउटा घर हिलोले पुरिएको र समुद्रमा पुगेको कारबाट दुई जनाको उद्धार गरिएको दमकल सेवाले जनाएको छ ।

थप उद्धारका नजिकैको प्रमुख शहर नेपल्सबाट सहयोग पठाइए पनि मौसमका कारण टापुमा पुग्न कठिन भएको बताइएको छ । नागरिक सुरक्षा विभागले ट्वीटरमा भनेको छ, 'हराइरहेकाको खोजी, उद्धार र जोखिममा परेका मानिसहरुलाई सहयोग गर्ने कार्य जारी छ । मौसमका कारण उद्धार कार्यमा कठिनाई भएको छ ।'

स्थानीय अधिकारीहरूले इस्चियाका बासिन्दाहरूलाई उद्धार कार्यमा बाधा नपुगोस् भनेर घरभित्रै बस्न आग्रह गरेका छन् ।


## Amargadhi Municipality
## Office of the Municipal Executive
**Tufandada, Dadeldhura, Nepal**

### INVITATION FOR BIDS (IFB)

**Invitation for Bids No. : AM/DDL/WORKS/NCB/01-2079/080**
**DATE OF PUBLICATION: - 2079-08-11 BS (2022-11-27 AD)**

1. Amargadhi Municipality has allocated funds towards the cost of construction of the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. Amargadhi Municipality, Dadeldhura invites electronic bids from eligible bidders for following works under National Competitive Bidding. Some of the qualifications criteria are mentioned below, through details are in the bidding document.

| SN | Contract No /Bid No | Description of Works | Bidding Procedure | Estimated Amount (Ex. VAT & PS) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | AM/DDL/ WORKS/NCB/ 01-2079/080 | Infrastructure Development of Amargadhi Park, Amargadhi Municipality Ward No 02, Dadeldhura | Single Envelope | 1,24,26,366.15 | 3,10,000. | 3000. | 2022-12-28 (2079-09-13) 12:00 Hours |

Bidder shall submit their bid electronically and download the bidding documents for e-submission form www.bolpatra.gov.np/egp.

**Chief Administrative officer**

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
## स्वास्थ्य सेवा कार्यालय
दैलेख, नेपाल

### राशन खुवाउने कार्यको सिलबन्दी बोलपत्र आह्वान

**प्रथम पटक प्रकाशित मितिः २०७९/०८/११ गते**

दैलेख जिल्ला अस्पतालको अन्तरङ्ग बिभाग (ईन्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागि) मिति २०७९ साल माघ १ गते देखि लागु हुने गरि मिति २०८० पौष मसान्त सम्मको लागि राशन खुवाउने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तोकिएको राशन खुवाउन ईच्छुक इजाजत प्राप्त फर्मले रु. १० को टिकट टाँसी निम्न शर्तको अधिनमा रहि रित पुर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सिलबन्दी बोलपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक इजाजत प्राप्त फर्मले बोलपत्र फाराम प्रत्येकको पछि फिर्ता नहुने गरी रु. ३०००।– (तीन हजार) तिरी सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिन भित्र स्वास्थ्य सेवा कार्यालय, दैलेख, प्रदेश लेखा इकाई कार्यालय, दैलेख र जिल्ला प्रशासन कार्यालय, दैलेखबाट सिलबन्दी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराम खरिद गर्दा अध्यावधिक नविकरण भएको फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाणपत्र, आ.ब.०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र (कर चुक्ता नभएमा म्याद थपको पत्र) र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । बोलपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ । तर कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफैं वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न पाइने छैन ।
३. खरिद भएका बोलपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी सहिछाप गरि सिलबन्दी गरि खामको बाहिर व्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट लेखि ३१ (एक्कतीस) औं दिनको १२:०० बजे भित्र स्वास्थ्य सेवा कार्यालय, दैलेखमा दर्ता गराउनु पर्नेछ । अन्यथा मान्यता दिईने छैन । दर्ता भएका सम्पूर्ण शिलबन्दी बोलपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहवरमा सोहि दिनको २:०० बजे खोलिने छ । बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
४. बोलपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम प्रदेश लेखा इकाई कार्यालय, दैलेखको राष्ट्रिय बाणिज्य बैंक शाखा दैलेखमा रहेको धरौटी खाता नं.४०१०१००२०२०३०००० मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० (एक सय बीस) दिन म्याद भएको बिडबण्ड संलग्न हुनुपर्नेछ । नगदलाई मान्यता दिईने छैन ।
५. शिलबन्दी बोलपत्र साथ राशन सिदाको नमूना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ अन्यथा उक्त बोलपत्रलाई मान्यता दिईने छैन ।
६. ठेक्का अवधी भर कुनै पनि मुल्य बृद्धि दिईने छैन ।
७. सिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ ।
८. सिलबन्दी बोलपत्रमा अङ्क र अक्षर दुबैमा प्रष्ट सँग लेखिएको हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ ।
९. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोनु पर्नेछ ।
१०. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी बोलपत्र उपर कुनै पनि कारबाही गरिने छैन ।
११. बोलपत्र सम्बन्धी सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टास गरिनेछ ।
१२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार राशन व्यवस्थापन समितिमा सुरक्षित रहनेछ ।
१३. सिलबन्दी बोलपत्र दाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेमा कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमको घटी कबुल गरेको छ सो को ५० प्रतिशत हुन आउने रकम कबुल अङ्कको ५ प्रतिशत थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।
१४. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।
१५. शिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.कर बाहेक) (रु.) | विडबण्ड रकम (रु.) | बोलपत्र खरिद दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | २/०७९/०८० | दैलेख जिल्ला अस्पतालको अन्तरंग बिभाग (ईन्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागि) मिति २०७९ साल माघ १ गते देखि लागु हुने गरि मिति २०८० पौष मसान्तको लागि राशन खुवाउने कार्य । | ३०,४२,०२८.८५ | ७६,०५५।– | ३,०००।– |

**नि. स्वास्थ्य सेवा व्यवस्थापक**
**स्वास्थ्य सेवा कार्यालय, दैलेख**

## शुन्य लागत अन्तर्गत मलेसियामा रोजगारी
## EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

**कम्पनी : मुनिभ्याक एसडिएन. बिएचडी.**
**COMPANY: MUNIVAC SDN. BHD.**
ठेगाना : Johor, Malaysia, जोहोर, मलेसिया । Tel:07-3356333, Fax:073350088, फोनः ०७-३३५६३३३, फ्याक्सः ०७-३३५६३३३

| पूर्व स्वीकृती मिति- २०७९/०८/०९ | लट नम्बरः २७६३९३ | चलानी नम्बर - ६०१९२०९० |
|---|---|---|
| Pre-approval Date - 2022/11/25 | LT No. – 276393 | Serial No.: 601920920 |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand: महिला Female | माग संख्या No. of Demand: पुरुष Male | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: आर एम RM | मासिक तलब Monthly Salary: ने.रू. NPR | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुविधा Food Facility | बस्ने सुविध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | २० 20 | ३० 30 | सो काममा दक्ष Skilled at related work | १५०० 1500 | ४२,४८५ 42,485 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रथान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour approval | हवाई टिकट शुल्क Air ticket expenses | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

- यो भर्ती प्रक्रिया शून्य लागत नीति अन्तर्गत छ । टाइटानिकको सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी, फोटो, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, बिमा, कल्याणकारी कोष, श्रम स्वीकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कुनै शुल्क तिर्न पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Photo, Medical, Visa, Transport, Lodging, Food During Interview & Before Departure, Orientation, Insurance, Welfare Fund, Labor Approval, Air Ticket) including titanic service charge will be borne by the employer. So, no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, मोबाइल फोन, सुन, गरगहना, पशुधन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall be given or commit to our office or anybody in lieu of fees (Gifts, Mobile Phone, Gold, Jewelry, Livestock Etc.)
- इच्छुक आवेदकहरुलाई कुनै पनि एजेन्ट/बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधैं सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट/बिचौलिया छैन । We request interested applicants to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman anywhere.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understand job related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination.
- यदि तपाईंसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज Titanic Manpower Supplier मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।

+९७७-९८०१००४३४५ grievance@titanicmanpower.com

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page - Titanic Manpower Supplier +977-9801004345 grievance@titanicmanpower.com

**प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय, बसुन्धरा चौकी, काठमाडौंमा २०७९ मंसिर ११ गते गते हुनेछ ।**
**Pre interview will be held on 27 November 2022 at TITANIC office,Basundhara Chauki, Kathmandu.**
**फाईनल अन्तर्वार्ता टाइटानिक कार्यालय बसुन्धारा चौकी, काठमाडौंमा २०७९ मंसिर १८ गते हुनेछ ।**
**Final interview will be held on 4 December 2022 at TITANIC office, Basundhara Chauki, Kathmandu.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

TITANIC Ethical Recruitment Agency Since 2002 | ISO 9001:2015 Certified Recruitment Agency

## टाइटानिक म्यानपावर सप्लायर प्रा.लि.
## (Titanic Manpower Supplier Pvt. Ltd.)
इजाजत पत्र नं.: २८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)

बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
Email: recruitment@titanicmanpower.com Website:www.titanicmanpower.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
११ मंसिर २०७९, आइतबार
27 November 2022, Sunday

# बक्स अफिस समाचार

## 'संगीतबिनाको कुनै पनि उत्सव, महोत्सव अधुरो हुन्छ'

पाँचथरका स्थानीय बासिन्दा राजधानी काठमाडौंलाई कर्मथलो बनाएर आफ्ना सिर्जना स्रोता/दर्शकमाझ पस्किँदै आइरहेका छन् रोशन वान्तवा राई । उनले आफ्ना समधुर संगीत मार्फत स्रोता/दर्शकको औधि माया पाउन सफल भएको छ । जीवन र संगीतलाई एक अर्काका परिपुरक ठान्ने उनी जीवन भएर नै संगीतको औचित्य रहेको र संगीत भएर नै जीवनको सार रहेको बताउँछन् । नेपाली सांगीतिक फाँटमा आफूलाई अग्रस्थानमा राख्न सफल रोशनले भाषाभाषीका गीत, लोक, आधुनिक र चलचित्रमा गरेर ६०० भन्दा बढीमा संगीत सिर्जना गरिसकेका छन् । "ढाका टोपी मैलो", "शुभकामना तिमीलाई यो मनको", "पुरानो भो भन्छन्", "हरियाली वसन्तले", "धरानै बजार", "माइबेनीमा आँखा जुध्यो", "डुबें डुबें", "याद", "गौतम बुद्ध", "मलाई नै हो कि कल्लाई पो हो" लगायत सयौं उनका गीत लोकप्रिय रहेका छन् । रोशनले चलचित्रमा पार्श्व संगीतका साथै चलचित्रका गीतमा संगीत सिर्जना गरेका छन् । वेष्टर्न क्लासिक गिटारिष्टमा ग्राजुएट गरेका रोशनले काठमाडौंको भोटाहिटीमा संगीत स्कुल खोलेर धेरैलाई यस सम्बन्धी प्रशिक्षण पनि दिइरहेका छन् । उनका "गिटार सोलुसन" तीन भागमा पाठकमाझ रहेको छ भने किबोर्ड गाइड, गिबोर्ड गाइड पनि पाठकमाझ आएको छ । यस्तै लोकप्रिय गीत तथा कर्ड सङ्ग्रह हिन्दी, नेपाली र अङ्ग्रेजीमा प्रकाशित छन् उनका । गीत संगीतको फाटमा रहेर उनले पुर्‍याएको योगदान स्वरुप उनलाई थुप्रै मान सम्मान र अवार्ड प्राप्त भएका छन् । उनलाई हालैमात्र "वेष्ट अमेरिकन म्युजिसीयन अफ दि इयर"को अवार्ड प्रदान गरिएको छ । नेपाली गीत संगीतको फाँटमा ओहरात्र खटिएर यसको श्रीवृद्धिमा लागिरहेका **रोशन वान्तवा राई**ले मध्यान्ह दैनिका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानी :



रोशन वान्तवा राई, संगीतकार

**यहाँको दिनचर्या कसरी अघि बढिरहेको छ ?**

गीत संगीतकै क्षेत्रमा पूर्णकालीन भएर यसैमा समर्पित भएर लागेको हुनाले यससम्बन्धित कार्यमा आफूलाई तिल्लन बनाउँदै आएको छु । गीत-संगीतमै आफूलाई व्यस्त बनाइराखेको छु । पछिल्लो समय केही चलचित्रका गीतहरूको काम गरिरहेको छु । यस्तै आफ्ना केही व्यक्तिगत कार्य र केही सामाजिक कार्यमा पनि आफूलाई संलग्न गराउँदै आएको छु ।

**यो क्षेत्रमा कसरी आउनुभयो र कहिलेदेखि हुनुहुन्छ ?**

म २०५६ सालयता लगातार संगीत क्षेत्रमै काम गरिरहेको छु । घरमा दाइ गीतारिष्ट हुनुहुन्थ्यो । गीतार, हार्मोनियम, मादल, बाँसुरी घरमै हुन्थ्यो र स्कुलमा पनि सांगीतिक माहोल थियो । सायद त्यही वातावरणले यस क्षेत्रमा डोऱ्याएर ल्याएको हुनुपर्छ ।

**कतिको चुनौती छ यो क्षेत्रमा ?**

यो क्षेत्र चुनौती र अवसर दुवैले भरिपूर्ण छ । नाम र दाम दुवै छ । यसका लागि सिर्जनशील र कडा मिहिनेत जरुरी छ ।

**यहाँले कतिजति गीतमा संगीत भर्नुभयो ?**

अहिलेसम्म आउँदा ६०० भन्दा बढी गीतमा संगीत भरिसकें । जस्तो 'ढाका टोपी मैलो', 'शुभकामना तिमीलाई यो मनको', 'पुरानो भो भन्छन्', 'हरियाली वसन्तले', 'धरानै बजार', 'माइबेनीमा आँखा जुध्यो', 'डुबें डुबें', 'याद', 'गौतम बुद्ध', 'मलाई नै हो कि कल्लाई पो हो'लगायत रहेका छन् ।

**यस क्षेत्रलाई अझ समृद्ध तुल्याउन के-कस्ता पहल आवश्यक देख्नुहुन्छ ?**

नेपाली संगीत क्षेत्रलाई समृद्ध बनाउन पहिलो कुरा नेपाली साहित्यमा आमूल परिवर्तन गर्नुपर्छ । किनकि साहित्यबिना संगीत बन्दैन । मिठो मिठो शब्द, शैलीको अभाव छ र यसपछि गायकगायिकामा निखारपन चाहिन्छ । धेरै रियाज गर्नुपर्छ । सिक्नुपऱ्यो । त्यसपछि संगीतकारहरूले पनि मौलिक र मसालेदार सिर्जना गर्नु आवश्यक देख्छु । साथै एरेन्जमेन्टको प्याट्रनलाई अझ सिर्जनात्मक बनाउँदै लानुपर्छ ।

**आफ्नौ संगीत विद्यालय खोलेर पनि प्रशिक्षण दिइरहनुभएको छ, यहाँसँग अहिलेसम्म क-कसले प्रशिक्षण लिनुभएको छ ?**

संगीत विद्यालय खोलेर नेपालमा धेरैले प्रशिक्षण लिनुभएको छ । म आफैं पनि गीतार धेरै वर्षसम्म सिकेको मान्छे । चर्चित नामहरूमा आस्था बी, रूप विष्ट, नलिना चित्रकार, धिरज राईलगायतका चर्चित कलाकारहरूलाई पनि संगीत प्रशिक्षण दिने अवसर मिलेको थियो ।

**अहिलेको गीतसंगीतलाई कस्तो पाउनुहुन्छ ?**

नेपाली गीतसंगीत विविधताले भरिपूर्ण छ । पूर्वमा हाकपारे, लैवरी, मारुनी, पालाम, मध्यमा सेलो, काठे भाकादेखि पश्चिममा रोधी हुँदै देउडा भाकाले भरिपूर्ण छ । तर, यी आफ्ना मौलिक भाकाहरूको प्रशस्त खोज अनुसन्धान र सम्वर्द्धन हुन अझै सकेको छैन । हामी पप, रक, ऱ्याप र सुगम संगीतलाई नै धेरै लगानी र सम्वर्द्धन गरिरहेका छौं ।

**यहाँका केही पुस्तक पनि पाठकमाझ आएका छन् नि ?**

हजुर मैले गिटारको, पियानोको र कर्डहरू गरी ६ वटा किताबहरू लेखेको छु । धेरैलाई यी पुस्तक निकै उपयोगी भएको मैले पाएको छु । यी किताबको व्यावसायिक सफलताले पनि राम्रै भयो । अहिले धेरैजसो म्युजिकल इन्स्टिच्युट र स्कुलहरूमा मेरा किताबबाट प्रशिक्षण दिइन्छ ।

**यो क्षेत्रले के दियो र के गुमाएजस्तो लाग्छ ?**

यो क्षेत्रमा लागेर सन्तुष्टि मिलेको छ । धेरै थोरै परिचय प्राप्त भएको छ र व्यावसायिकरूपमा पनि सन्तुष्ट नै छु र मैले गुमाएको चाहिँ पढाइ गुमाएँ, बिबिएस पढ्दा पढ्दै यतातिर पूर्णरूपमा संलग्न हुन पुगें ।

**जीवन र संगीतलाई कसरी परिभाषित गर्नुहुन्छ ?**

जीवन र संगीत एकापसमा सम्बन्धित छन् । स्वस्थ जीवनयापनका लागि संगीत चाहिन्छ । संगीतबिनाको कुनै पनि उत्सव, महोत्सव अधुरो छ । बुढाबुढीलाई भजनका रूपमा पनि संगीतले साथ दिइराखेको छ । बच्चाहरूलाई, बिहेमा, चाडपर्व, पिकनिक आदिमा संगीत नै चाहिन्छ । संगीत जीवनको एउटा पाटो हो ।

**यहाँको भविष्यको योजना ?**

मेरा योजनाहरू अझै उत्कृष्ट संगीत सिर्जना गर्दै नेपाली दर्शकश्रोताको मन जित्दै जाने र यस क्षेत्रमा आउन चाहनेहरूका लागि भरपर्दो प्लेटफर्मको निर्माण गर्दै जाने छ ।

**अन्त्यमा ?**

हामी हाम्रो भाषा, साहित्य कला संस्कृतमा वैभव छौं । हामीले हाम्रो आफ्नो पहिचान चिन्न आवश्यक छ । पूर्वदेखि पश्चिमसम्म र उत्तरदेखि दक्षिणसम्म हामीमा रहेको गीत संगीतको भण्डारलाई उजागर गर्न आवश्यक छ । यसको खोज अनुसन्धानमा लाग्नु जरुरी छ । यो बसाई र संवादका लागि यहाँ र यहाँको लोकप्रिय दैनिक मध्यान्ह दैनिकप्रति आभारी छु ।

## पराजित भएपनि म सधैं जनताकै साथमा छु : रेखा

**काठमाडौं/मस–** मोरङ क्षेत्र नं. ३ मा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ उम्मेदवारी दिएकी अभिनेत्री रेखा थापा पराजित भएकी छन् । नेपाली कांग्रेसका उम्मेदवार डा. सुनिल शर्माले जित निकाल्दा उनी पराजित भएकी हुन् । ४८ हजार ६ सय ३१ मत प्राप्त गर्दै शर्मा विजयी हुँदा रेखाले १० हजार ९ सय ८९ मत प्राप्त गरिन् । त्यस्तै, नेकपा एमालेका उम्मेदवार भानुभक्त ढकाललाई २५ हजार ८ सय ९५ मत खसेको थियो ।



पहिलो पटक संघीय निर्वाचनमा प्रतिस्पर्धा गरेकी रेखाले पराजय व्यहोरेपछि फेसबुकमा स्टाटस लेख्दै राजनीतिमा जित्नु वा हार्नुको अर्थ नरहने बताएकी छन् । उनले निर्वाचित उम्मेदवार शर्मालाई बधाई दिँदै लेखेकी छन्, 'मोरङ क्षेत्र नम्बर ३ को अन्तिम मत परिणाम सार्वजनिक भएको छ । जसअनुसार नेपाली कांग्रेसका उम्मेदवार सुनिल शर्मा विजयी हुनुभएको छ । उहाँलाई जितका लागि बधाई र शुभकामना दिन्छु । यो क्षेत्रका नागरिकका सुख-दुःखमा उहाँ सधैं साथ हुनुहुनेछ भन्ने विश्वास गरेको छु ।'

आफूलाई माया र विश्वास गरेर मतदान गर्ने सबै मतदातालाई धन्यवाद दिँदै रेखाले निर्वाचनका क्रममा अनेकौं अनुभव हासिल गरेको उल्लेख गरेकी छन् । उम्मेदवार हुँदै गर्दा जित्नुपर्छ भन्ने लाग्नु अस्वभाविक नभए पनि निर्वाचित एक जना मात्र हुने बताउँदै उनले अगाडि लेखेकी छन्, 'राजनीति लामो समयको यात्रा हो । यसमा जित्नु वा हार्नुको मात्र अर्थ रहँदैन पनि ।'

रेखाले सांसद मात्र बन्ने चाहना भएको भए प्रत्यक्षमा नलडी सांसद बन्न सक्ने धेरै सजिलो अवसर रहँदा पनि आफूले त्यसको लोभ नगरी प्रत्यक्ष उम्मेदवार दिएको बताएकी छन् । निर्वाचनमा पराजित भए पनि मोरङ क्षेत्र नं. ३ का हरेक सुख-दुःख बाँड्न आफू सधैं साथमा हुने उनको वाचा छ । निर्वाचनबाट निर्वाचित सुनिल शर्माका राम्रा काममा काँधमा काँध मिलाउने र बाटो विराए विना हिच्किचाहट खबरदारी गर्ने उनको भनाइ छ ।

उनी अगाडि लेख्छिन्, 'मोरङ ३ का बासिन्दाहरू यसपटक निर्वाचन जितेर तपाईंहरुका आवाज संसदमा राख्ने अवसर नपाए पनि तपाईंले अब आफ्ना आवाज थप बलियो बनाउने मान्छेका रुपमा मलाई पाउनुहुनेछ । हाम्रो सहकार्य र हातेमालो पनि कायमै रहनेछ ।' चुनावी कार्यक्रममा रेखाप्रति देखिएको जनलहरले उनलाई बलियो प्रतिस्पर्धीको रुपमा लिइएको थियो । तर, मत गणनाको सुरुवातदेखि नै तेस्रो स्थानबाट उक्लन नसकेकी रेखा अन्ततः पराजित हुन पुगेकी छन् ।

**Chaudandigadhi Municipality**
**Office of the Municipal Executive**
**Beltar, Udayapur**
**Province No. 1, Nepal**

**Invitation for Bids**

**Date of publication: 2079/08/11**

1. Chaudandigadhi Municipality Office invites bids from Nepalese eligible bidders for following.
**Work Details:**

| S. N. | Project Name and location | Bidding Type | Contract No. | Estimated Amount Inc. VAT NRs. | Bid Security / Bank Deposit | |
|---|---|---|---|---|---|---|
| | | | | | Amount NRs. | Validity |
| 1 | Upgrading of Barkhe danda -basaha than- srilanka tole to Highway Road, Ward No. 4 | NCB/ Sealed Bids Only | 05/NCB /CM/ 079/080 | 50,44,000.00 | 1,30,000 | 2080/01/14 or 27 April 2023 |
| 2 | Construction of Truss Bridge on Saatbighe road, Khairaha River with gravelling, Ward No. 10 | Sealed Quotation | 7/SQ/ CM/ 079/080 | 18,43,000.00 | 50,000 | 2079/11/13 or 25 Feb 2023 |

2. Date and Time Details:

| S. N. | Contract No. | Pre- Bid Meeting Date & Time | Bid Purchasing Date & Time | Bid Submission Date & Time | Bid Opening Date & Time |
|---|---|---|---|---|---|
| 1 | 05/NCB/CM /079/080 | At 2:00 pm on 2079/08/26 | 2079/09/11, Office Hours | On or before 12:00 pm on 2079/09/12 | At 2:00 pm on 2079/09/12 |
| 2 | 7/SQ/CM/ 079/080 | NA | 2079/08/25, Office Hours | On or before 12:00 pm on 2079/08/26 | At 2:00 pm on 2079/08/26 |

3. Bank and Contact Details:

| Office Address | Dharauti Account No. For Bid Security | Contact Details For Further Enquiry |
|---|---|---|
| Beltar, Udayapur | 2370100303000002 | Er Santosh Rai (9851203678) |

**Chief Administrative Officer**

**JAGDULLA HYDROPOWER COMPANY LIMITED**
**जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड**
**Baneshwor -10, Kathmandu**

**NOTICE OF INTENT TO AWARD THE CONTRACT**

**Date of publication: November 27, 2022**

